वर्ष : १५, अंक : २, काठमाडौं, २०७६ वैशाख १३ गते शुक्रबार, 26 April 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# राजपामा सुरू भयो लफडा

## महाधिवेशन अझै अन्योल, झा र यादवलाई संयोजकको चिन्ता

**मधेशवाणी डेस्क**

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपाल यतिखेर धर्मसंकटको अवस्थामा छ । फुट र जुटको राजनीतिबाट अघि बढेका विभिन्न मधेशी दलहरू मिलेर बनेको राजपा अहिलेसम्म सुदृढ हुन सकेको छैन । २०७४ वैशाख ७ गते पार्टी एकता गरेको राजपा भित्र दुई वर्षभित्रै चरम निराशा छाएको छ । पार्टी एकता गर्दा कार्यकर्ताको जति उत्साह थियो, अहिले निराशातर्फ उन्मुख भइरहेको छ ।

पार्टीभित्रको असन्तुष्टिलाई चिर्दै परिपक्क नेतृत्व प्रदान गर्न नसक्दा राजपाभित्र अहिले रडाको मच्चिएको छ । संविधान संशोधनलगायत मुद्दामा संघर्ष गरेको राजपाले आफ्नो एजेण्डामा अडिग रहन त सकेन नै बरू सरकारमा सामेल भएर पनि टिकेन ।

नेतृत्वको महत्वकांक्षी र परिपक्क एजेण्डाको अभावमा राजपा अहिले रूमलिएको छ । दुई वर्षको अवधिमा पार्टी जहाँको त्यहीँ रहेको छ । पार्टीकै केही असन्तुष्ट पक्षले पार्टी नै परित्याग गरी भिन्न मोर्चाबन्दी गरे पनि त्यसबाट उसले पाठ सिक्न सकेको छैन । पार्टीको स्पष्ट कार्यदिशालाई स्थापित गर्न नसक्दा राजपा आफैँ रूमलिएको स्वयं नेताहरू बताउँछन् । त्यसैले नेता कार्यकर्तामा अहिले सन्त्रास पैदा भएको छ । गाउँ, वडा र जिल्ला तहदेखि केन्द्रीयस्तरमा नेता कार्यकर्ताबीच राम्रो तालमेल छैन । पार्टीको एकताको महाधिवेशन घोषणा गरे पनि त्यसलाई विभिन्न बहानामा लम्ब्याउने चालबाजी भइरहेको छ ।

पछिल्लो उदाहरणको रूपमा वैशाख ७, ८ र ९ गतेका लागि पार्टीको घोषित महाधिवेशन स्थगनलाई लिन सकिन्छ । तयारी नपुगेको भन्दै महाधिवेशन स्थगित गरिएको छ । पार्टीको पदाधिकारी समितिले महाधिवेशनको मिति तोक्ने निष्कर्ष निकाल्दै केही साताअघि राजपा अध्यक्षमण्डलको बैठकबाट निर्णय भएको थियो ।



*राजपा पदाधिकारी बैठकमा अध्यक्षमण्डलका सदस्यसहित अन्य नेतागण ।*

उक्त निर्णयअनुरूप राजपाको पदाधिकारी समितिको पाँच दिनदेखि जारी बैठकमा पुनः महाधिवेशन गर्ने या नगर्ने सम्बन्धमा नेताबीच मत बाझिएको छ । एकता महाधिवेशन गर्ने या नियमित महाधिवेशन गर्ने भन्ने विषयमा पार्टी भित्र नयाँ विवाद देखिएको छ । पदाधिकारी बैठकमा अध्यक्ष मण्डलका संयोजक शरतसिंह भण्डारीले महाधिवेशनसम्बन्धी दुई विकल्प पेस गरेका थिए । उनले पेस गरेका दुई विकल्पमा कुन महाधिवेशनलाई प्राथमिकता दिएर अगाडि बढ्ने भन्नेमा अध्यक्षमण्डलका सदस्यहरूबीच नै विवाद देखिएको हो ।

संयोजक भण्डारीले महाधिवेशनको प्रक्रिया तथा तिथिमिति निर्धारणसम्बन्धी प्रस्तावमा एकता महाधिवेशन र नियमित महाधिवेशनको विकल्प पेस गरेका थिए । नियमित महाधिवेशनमा जाँदा पार्टी एकढिक्का नहुने र समय थोरै भएकाले हतार हुने भन्दै एकता महाधिवेशन गर्नु उपयुक्त हुनेमा भण्डारीले जोड दिए ।

पार्टी महाधिवेशनको संघारमा रहे पनि केही नेताहरू अध्यक्षमण्डलको संयोजक हुन नपाउने चिन्ताले सताएको छ । अध्यक्षमण्डलका सदस्यद्वय राजकिशोर यादव र अनिल झाले विधानमा भएको चक्रीय प्रणालीअन्तर्गत आफूहरू पनि अध्यक्षमण्डलको संयोजक बन्ने मौका पाएपछि मात्रै महाधिवेशन गर्नुपर्ने पक्षमा छन् ।

नियमित अधिवेशनको पक्षमा संयोजक भण्डारी, राजेन्द्र महतो र अनिल झा छन् भने एकता महाधिवेशनको पक्षमा महेन्द्र राय यादव र राजकिशोर यादव रहेका छन् । महन्थ ठाकुर यस विषयमा मौन बसेका छन् । उनले सर्वसम्मतबाट जे निर्णय हुन्छ त्यो स्वीकार हुने बताएका छन् । यद्यपी उनी पनि लोकतान्त्रिक प्रक्रियाबाट महाधिवेशन हुनुपर्ने पक्षमा रहेको उनी निकट नेताहरू बताउँछन् ।

महाधिवेशनका लागि पार्टी केन्द्रीय समिति ८५०, जिल्ला अध्यक्षमण्डल १३०, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका सबै उम्मेदवार (समानुपातिक उम्मेदवारसहित) गरि करिब १६०० सयजनालाई महाधिवेशन प्रतिनिधि मानेर विशेष एकता महाधिवेशन गराउन संयोजक भण्डारीले प्रस्ताव गरेका थिए ।

उनले आफू अध्यक्षमण्डलको संयोजक रहेकै बेला महाधिवेशन गराउन सकिएन भने राम्रो सन्देश नजाने भएकाले विशेष एकताको अधिवेशन गरेर भएपनि महाधिवेशनको लफडा टुंग्याउनु पर्ने प्रस्ताव राखेका थिए । त्यसका लागि हतार-हतारमा अध्यक्षमण्डलका सदस्य महन्थ ठाकुरलाई महाधिवेशन आयोजक समितिको संयोजक पनि उनले तोकेका छन् ।

छवटा दल मिलेर पार्टी एकीकरण भए पनि आन्तरिक एकता अझै नभएको स्वयं शीर्ष नेतृत्वको स्वीकारोक्त छ तर पनि उनीहरू आफनो गुटको राजनीति गरिहेकाले पार्टीले स्पष्ट दिशा तय गर्न सकेको छैन । विशेष अधिवेशन गरेर तलदेखि माथिसम्म एकताको सन्देश दिन पार्टी पूर्णतः असफल भएको छ ।

संयोजक भण्डारीले राखेको एकताको विशेष अधिवेशनको प्रस्ताव पारित नभएपछि जारी पदाधिकारी समितिको बैठकले नै महाधिवेशनको भविष्य तय गर्नेछ । यसअतिरिक्त पदाधिकारी बैठकमा पार्टीको एकीकरण, मोर्चा र गठबन्धनसँग एकताको पहललगायत विविध विषयमा पनि छलफल चलिरहेको छ । पार्टीभित्रको आन्तरिक सन्तुलन र एकता कायम गर्न नसकेको राजपाले अन्य राजनीतिक शक्तिसँग कुन आधारमा पार्टी एकीकरण प्रक्रिया अघि बढाउने भन्ने संशय पनि बढेको छ ।

पदाधिकारी समितिको बैठकमा उक्त विषयले प्रवेश पाए पनि राजपाभित्रै प्रष्टता नरहेकाले उक्त प्रक्रियाले सार्थकता पाउने या नपाउने भन्ने अन्योल नै छ । संघीय समाजवादी फोरम नेपालसँग एकीकरणका लागि दुई चरणमा पत्राचार आदान-प्रदान भइसकेको छ । तथापी पार्टी एकीकरणको प्रक्रियाले गति लिन सकेको छैन । दुवै पक्ष अहिलेसम्म औपचारिक वार्ता पनि सुरू गरेको छैन ।

## रेशमलाई जनमतले न्याय दिलाउँछ : डा.राउत



जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले टीकापुर प्रकरणमा दोषी सावित भई जेल चलान भएका रेशम चौधरीलाई जनमत पार्टीले न्याय दिलाउने दाबी गरेका छन् । उनले जनमत पार्टीबाहेक अरू कसैले पनि रेमललाई न्याय दिलाउन नसक्ने दाबी गरेका हुन् । त्यसका लागि थारू समुदायको समर्थन आवश्यक रहेको उनले जिकिर गरे । उनले राष्ट्रिय जनता पार्टी नेपालले सरकारमा जान मात्रै चौधरीको मुद्दा उचालेको पनि आरोप लगाए । मधेसवादी दलले संजय साहलाई जेलमा राखेर पाखा लगाएको उनको आरोप थियो ।

## मुद्दा फिर्ता प्रक्रिया सुरू



काठमाडौं । जनमत पार्टीले मुद्दा फिर्ताको सूची बुझाएको छ । सम्झौता कार्यान्वयन समितिका संयोजक चन्दन सिंहले गृहसचिव प्रेमकुमार राईलाई भेटी मुद्दा फिर्ताको सूची बुझाएका हुन् । फागुन २४ गते स्वतन्त्र मधेश गठबन्धन र नेपाल सरकार बीचको सम्झौता अनुसार गठबन्धनका नेता कार्यकर्ताहरूमाथि लागेको राज्यविरूद्धको अपराधसहितका सबै मुद्दाहरू फिर्ता लिने सहमतिअनुरूप पहल थालिएको सिंहको भनाइ छ ।

## प्रदेश २ मा दुई सिडिओ हुन्न : गृहमन्त्री

काठमाडौं । केन्द्र सरकारले समन्वय नगरेको भन्दै प्रदेश २ सकरारले मातहतका जिल्लामा आफ्नो छुट्टै प्रशासकीय अधिकृत राख्ने रूतयारी गरेपछि गृहमन्त्री रामबहादुर थापा बादलले आपत्ति जनाएका छन् ।

विराटनगर पुगेका गृहमन्त्री थापाले एक जिल्लामा दुई सिडिओ राख्न संविधान र कानुनले नदिने बताएका हुन् ।

'प्रदेश २ का जिल्लामा दुईवटा सिडिओ रहने हल्ला मात्रै हो,' उनले भने, 'संविधान र कानुनअनुसार नै एक जिल्लामा दुईजना सिडिओ राख्न मिल्दैन ।'

केन्द्र सरकारले पठाएका सिडिओले प्रदेश सरकारसँग समन्वय नगरेको भन्दै प्रदेश २ ले प्रदेश मातहत बेग्लै प्रशासकीय कामकाज गर्ने अधिकारी (सिडिओ) राख्ने तयारी गरेको हो । उसले यससम्बन्धी विधेयक प्रदेशसभामा पेश गरिसकेको छ। थापाले भने एक जिल्लामा दुई सिडिओ राख्ने काम संविधान विपरित हुने बताए ।

## प्रदेश २ सरकारले कर्मचारी भर्ना गर्ने

काठमाडौं । प्रदेश २ सरकारले कर्मचारी भर्ना प्रक्रिया अघि बढाउने भएको छरू। संघीय सरकारलाई कर्मचारी अभावका विषयमा पटक-पटक आग्रह गर्दा पनि कुनै सुनुवाइ नभएकोले प्रदेश सरकार आफै कर्मचारी भर्ना गर्न लागेको हो । प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र कुमार यादवले कर्मचारी अभावमा विकास निर्माणका काम अलपत्र परेकाले प्रदेश सरकारले कर्मचारी भर्ना गर्ने बताए । मन्त्री यादवले भने, 'हामीले फास्ट ट्र्याकमा कर्मचारी भर्ना गर्ने तयारी थालेका छौं ।' चालू आर्थिक वर्षमा प्रदेश लोकसेवा आयोगको सम्पूर्ण संरचना निर्माण गरेर विज्ञापनसमेत आह्वान गर्ने प्रदेश सरकारले तयारी गरेको छ । पहिलो चरणमा कृषि, शिक्षा, इन्जिनियरिङसहितको प्राविधिक, स्वास्थ्य, प्रशासन, कानुनलगायत आठवटा सेवा समूहको विज्ञापन गर्ने तयारी रहेको छ । यसअघि वैशाख ३ गते मुख्यमन्त्री लालबाबु राउतले स्थानीय सरकारलाई तत्काल कर्मचारी भर्ना नगर्न पत्राचार गरेका थिए । प्रदेश सरकारले लोकसभा आयोग गठन गरेर आवश्यक कर्मचारी भर्ना गर्ने तयारी थालेको उक्त पत्रमा उल्लेख छ । यसअघि प्रदेश सरकारले नेपाल सरकारका पूर्वमन्त्री तथा पूर्वसचिव विद्याधर मल्लिकको संयोजकत्वमा प्रदेश प्रशासनिक संरचनासम्बन्धी आयोग गठन गरेको थियो । आयोगले तयार गरेको प्रतिवेदनमा प्रदेशमा ५ हजार ७३ कर्मचारी आवश्यक रहेको उल्लेख छ ।

समय–सन्दर्भ

संगीता रेग्मी



# राजपाको दुईवर्षे यात्राको समीक्षा

मधेशको मुद्दालाई आधार मानेर राजनीति गर्दै आएका ६ वटा दलहरू मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)ले दुई वर्ष पूरा गरेको छ ।

२०७४ बैशाख ७ गते ६ वटा मधेशकेन्द्रित दल महन्थ ठाकुर नेतृत्वको तमलोपा, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, महेन्द्र राय यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी, शरत्‌सिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी, अनिल झा नेतृत्वको संघीय सद्भावना पार्टी र राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम गणतान्त्रिक मिलेर राजपा नेपाल गठन भएको थियो ।

एउटै लक्ष्य र उद्देश्य भएका दलहरू एकै ठाउँमा बसेर अगाडि बढ्दा शोषित पीडित जनताको आवाज उठाउन सहज हुने भनेर नै एकीकरण गरिएको हो । पार्टी एकीकरणपछि राजपा संघ र प्रदेश तहको निर्वाचनमा भाग लिएर केन्द्रीय संसदमा पुगेको छ भने प्रदेश २ मा संघीय समाजवादी फोरमसँग मिलेर सरकार पनि चलाइरहेको छ ।

यो दुई वर्षको अवधिमा मधेशी जनताले पहिलेको तुलनामा के कति अधिकार प्राप्त गरे, उनीहरूको सामाजिक र आर्थिक अवस्थामा कत्तिको परिवर्तन देखा परेको छ, राजपा नेपाल निर्माण भएसँगै मधेशी जनतामा चेतनाको स्तर कति वृद्धि भएको छ भन्ने जस्ता अनुत्तरित प्रश्न अहिले टड्कारो रूपमा उठेको छ ।

पार्टी निर्माण भएसँगै सत्तामा जान सरकारसँग बार्गेनिङ गर्नु, प्रदेशमा सरकार सञ्चालन गर्नु, केन्द्रमा तेस्रो ठूलो दलको हैसियतमा बस्नु, संविधान संशोधनका लागि आवाज उठाउनु आदि दुई वर्षको उपलब्धि भएता पनि जनताको दैनिकीसँग जोडिएको सवालहरूमा राजपा नेपाल पूर्णतः असफल रहेको देखिएको छ ।

कृषिमा आधुनिकीकरण गर्दै मधेशमा कृषि उत्पादन वृद्धि गर्ने, वैदेशिक रोजागरीमा जानेलाई आफ्नै ठाउँमा काम गर्न प्रोत्साहन गर्ने, भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, अस्पतालको अवस्थामा सुधार ल्याउने, शिक्षाको गुणस्तरमा सुधार ल्याउने, खानेपानीको प्रबन्ध मिलाउने जस्ता जनताको दैनिकीसँग जोडिएका सवालहरूमा राष्ट्रिय जनता पार्टीले कहिल्यै पहल गरेको देखिदैंन । जबसम्म मधेशका गरिबको छुप्रोमा बिहान बेलुका खाने गाँसको समस्या हल हुन सक्दैन तबसम्म जतिवटा दल मिलेपनि, जति पटक संविधान संशोधन गरे पनि त्यसले मधेशी जनताको मुहारमा खुशी ल्याउन सक्दैन ।

### राजपाको घोषणापत्रको मुख्य अंश

- समृद्ध मधेश र सम्पन्न देश निर्माण गर्ने ।
- तराईमा साझेदारी वनको माध्यमबाट दिगो वन व्यवस्थापन ।
- बाढि डुवान पिडित पुर्ननिर्माणको प्राधिकरणको गठन ।
- शहिद र विपन्न परिवारलाई शिक्षा, स्वास्थ्य रोजगारीमा समुचित व्यवस्था ।
- मधेशमा शहिद भएकाहरूको स्मारक निर्माण
- सबै वडा कार्यालयमा लाईब्रेरी, इन्टरनेट र वाइफाई ।
- विदेशिएका युवाहरूलाई स्वदेश फर्काउन घर-घरमा रोजगार ।
- स्थानीय तहमा महिलाहरूको प्रतिनिधित्व ४० प्रतिशत सुनिश्चित गराउने ।
- लोडशेडिङ मुक्त मधेश ।
- दहेज विरूद्ध अभियान चलाउने र लेनदेन बिना विवाह गर्ने आर्दश जोडीलाई २५ हजार प्रदान गर्ने।

राजपाले यो दुई वर्षमा जनताको दैनिकीसँग सरोकार राख्ने भन्दा राजनीतिक मुद्दालाई बढी केन्द्रित गरेको छ। उसले निर्वाचन ताका गरेको प्रतिवद्धता शायद नेताहरूले भुलेका छन् । राजपाले केन्द्रीय सरकारमा नरहँदा किन आफूले व्यक्त गरेका प्रतिवद्धतालाई उठाउने गरेको छैन ? प्रदेश २ को सरकारमा संघीय समाजवादी फोरमसँगै राजपा पनि छ तर पनि चुनावी घोषणापत्रको प्रतिवद्धताप्रति उ मौन छ ।

पार्टी भित्र लोकतान्त्रिक चरित्र र सांगठनिक संरचना यतिसम्म कमजोर छ कि उसले तय समय भित्र महाधिवेशन गर्न सकेको छैन । कुनै पनि दलका लागि महाधिवेशन विचार गन्थन मन्थन र नेतृत्व चयनका लागि महत्वपूर्ण मानिन्छ तर राजपाका अध्यक्षमण्डलका सबै ६ जना सदस्यहरू नै महाधिवेशनप्रति चासो नदिएको प्रतीत हुन्छ ।

अहिले आईतबारदेखि पदाधिकारीहरूको बैठक बसिरहेको छ र त्यसभित्र अध्यक्ष मण्डलका ६ जनाको महाधिवेशनका विषयमा मत बाझिएको छ । महाधिवेशन कहिले गर्ने र त्यसपछि चक्रीय प्रणालीमा जाने कि एकल अध्यक्षीय प्रणालीमा जाने भन्ने विषयमा राजपाले व्यापक बहस गरे निष्कर्षमा पुग्न सकेको छैन । शीर्ष नेतृत्वको आ आफनै स्वार्थले पार्टी रसातलमा भासिदै गएको छ ।

अर्को तिर फोरम नेपालसँग एकीकरणका विषयमा पनि खासै प्रभावकारी सहमति जुट्न सकेको अवस्था छैन । यसरी हेर्दा राजपा नेपाल आन्तरिक विवादमा मुछिएको प्रष्टै देख्न सकिन्छ ।

राजपा नेपालले सरकारबाट समर्थन फिर्ता लिएसँगै संविधान संशोधनको मुद्दा ओझेलमा परेको हो । अहिले संविधान संशोधनको मुद्दामा न सम्बन्धित दलले चासो लिएको छ न छ सरकारले । यसरी हेर्दा राजपा नेपालले दुई वर्षको अवधिमा न मुद्दा छोड्न सकेको छ न मुद्दालाई सम्बोधन गराउन नै सकेको छ ।





## सम्पादकीय



# लोकतन्त्र दिवस र मधेश

२०६३ साल बैशाख ११ गते नेपाली धर्तीमा लोकतन्त्र घोषणा भएको थियो । २०६३ साल बैशाख ११ गतेको राजाको घोषणाले विघटित संसद्को पुनःस्थापना त भयो तर संविधानसभा र गणतन्त्रको भने कुनै सुनिश्चितता भएको थिएन । तत्कालीन सात दल र माओवादीको संयुक्त संघर्षका कारणले सफल भएको २०६२/६३ को आन्दोलनको परिणाम संसद्को पुनःस्थापना र लोकतन्त्र प्राप्ति, त्यसअघिको निरंकुशताका तुलनामा महत्वपूर्ण उपलब्धि थियो भने २०६३ को अन्तरिम संविधानबमोजिम २०६५ जेठ १५ गतेको संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणाका तुलनामा भने सो उपलब्धि कमै थियो भन्नुपर्ने हुन्छ । यसरी संयुक्त जनआन्दोलनअघिको परिघटनाका तुलनामा महत्वपूर्ण उपलब्धि र गणतन्त्र घोषणाका रूपमा कम आंकलन गर्न मिल्ने बैशाख ११ को घोषणा र लोकतन्त्र दिवसको यस परिघटनालाई तत्कालीन सापेक्षतामा हेर्न र समीक्षा गर्न जरूरी छ । पञ्चायतको दलमाथिको प्रतिबन्धसहितको निर्दलीयता र पछिल्लो चरणको राजा ज्ञानेन्द्रको निरंकुशताविरूद्ध सञ्चालन भएको संयुक्त जनआन्दोलनको परिणामस्वरूप प्राप्त लोकतन्त्र अविस्मरणीय छ । यसलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिन जरूरी छ । पछिल्लो संविधानसभाको निर्वाचन र गणतन्त्रको घोषणाका तुलनामा कम महत्वको भए पनि संविधानसभा र गणतन्त्र घोषणाका लागि आधार तयार गर्ने काम गरेका हुनाले यो लोकतन्त्र दिवसको महत्व अझै बढी हुने छ ।

मधेशको सन्दर्भमा मधेश अन्दालेलन वस्तुतः लोकतन्त्रको मार्गलाई अझै फराकिलो गर्ने प्रयत्न थियो । यो आन्दोलन मूलतः लोकतान्त्रिक आन्दोलन नै थियो र यसमा सहादत दिएकाहरू राष्ट्रिय शहीद हुन् । यिनीहरू नेपालका सम्पूर्ण उत्पीडित जनताको स्वाभिमान, आत्मसम्मान र पहिचानका लागि आफ्नो ज्यान उत्सर्ग गरेका थिए । शहीदहरूको सपना अहिलेसम्म पनि पूरा भएको छैन । एकातिर यो क्रमिक प्रतिगमन र षड्यन्त्रको शिकार भइरहेको छ भने अर्कोतिर यी मूल्यहरूलाई संरक्षण गर्ने र यसका लागि संघर्ष गर्ने शक्तिका नितान्त अभाव देखिन्छ । यस मार्गमा मधेश आन्दोलनको नेतृत्व गर्ने मधेशी दलहरू पूर्णतः असफल भएको देखिन्छ । मधेशी

**शहीदहरूको सपना अहिलेसम्म पनि पूरा भएको छैन । एकातिर यो क्रमिक प्रतिगमन र षड्यन्त्रको शिकार भइरहेको छ भने अर्कोतिर यी मूल्यहरूलाई संरक्षण गर्ने र यसका लागि संघर्ष गर्ने शक्तिका नितान्त अभाव देखिन्छ ।**

दलहरू आफूलाई मधेश आन्दोलनका चालक हुँ भनेर दाबी गरिरहँदा लोकतन्त्रको १२ वर्षमा मधेशले पाएको उपलब्धिको पनि चर्चा हुनुपर्छ । यद्यपी लोकतन्त्रप्रति सबै मधेशी नागरिक असन्तुष्ट नै छन् भन्ने छैन । लोकतन्त्रले मधेश र मधेशीलाई धेरै थोक प्राप्त भएको तर्क गर्नेहरू पनि छन् । लोकतन्त्रका कारण मधेश र मधेशीले ठूलो उपलब्धि पाएको पनि दाबी गरिन्छ । किनभने लोकतन्त्रको आधार स्तम्भकै रूपमा मधेशले संघीयता पाएको छ । संघीयताको आधारशीला भनेको नै लोकतन्त्रको देन हो । सरकारी अंगहरूमा समानुपातिक समावेशी प्रावधानले आज मधेशीहरूले आरक्षणको रूपमा त्यसमा पहुँच पाएको छ । लोकतन्त्र संस्थागत नभए पनि मधेशीहरूलाई अवसर प्राप्त गर्न यसले बाटो खोलेको पनि छ ।

मधेशको मूल माग नै संघीयता थियो तर लोकतन्त्र र संघीयता संस्थागत भने हुन सकेको छैन । लोकतन्त्र र संघीयता आयो । तर सार्थकता पाएन । आम नागरिकलाई जति लोकतन्त्रको अनुभूति हुनुपर्ने हो । त्यति भएको छैन । लोकतन्त्रका लागि धेरै सहादत भयो । मधेशी जनताले पनि आन्दोलन गरे । सहादत दिए । तर सिंहदरबार र राजनीतिक दलले शाक्तिलाई केन्द्रमै राख्न चाहेका छन् ।

गणतन्त्रका लागि पनि मधेशी सपुत दुर्गानन्द झाले नै पहिलो पटक राजा महेन्द्रमाथि जनकपुरमा बम प्रहार गरेका थिए । उनलाई फाँसी दिइयो । उनको बलिदानले आज गणतन्त्र पनि आएको छ । तर लोकतन्त्र, गणतन्त्र र संघीयता संस्थागत भएको छैन । मधेशी नागरिक असन्तुष्ट छन् । र, दुर्गानन्द झालाई स्मरण पनि गरिएको छैन ।

लोकतन्त्र संघीयता सार्थकताका लागि दिल खुलेर प्रदेशलाई अधिकार दिनुपर्छ । अहिले सातवटै प्रदेश छ । सबै अधिकार प्रदेशलाई देओस् । सिंहदरबार सहजीकरणको भूमिकामा आओस् । तब मात्रै लोकतन्त्र र  संघीयता सार्थक हुन्छ ।

# प्रदेश २ मा नेकपाका अवसर र चुनौती



**राजकिशोर यादव**

नेपाल कम्युनिष्ट पार्टीले लामो समयपछि एकता प्रक्रिया टुंगो लगाएको छ । नेकपाले ७७ वटै जिल्लामा अध्यक्ष तथा सचिवको टुंगो लगाएको हो । नेकपाले पूर्णता पाउनु अत्यन्त सकारात्मक कुरा हो । यो निर्णयले गर्दा नेता तथा कार्यकर्तामा उत्साह छाएको भने जनताका लागि काम गर्न थप जिम्मेवारी थपेको छ । यसैक्रममा मलाई पनि नेकपाले धनुषा जिल्लाको अध्यक्षमा तोकेको हो । यसका लागि म सम्पूर्ण पार्टी पंक्तिलाई धन्यवाद दिन चाहन्छु । यो एउटा चुनौतीको पनि घडी हो ।

नेपालका दुईटा विशाल पार्टी एकीकरण भएर पूर्णता पाएको छ । जिम्मेवारी पाएका नेताहरूले सबैलाई समेटेर अगाडि बढ्नुपर्छ । अन्य पदाधिकारीहरूलाई पनि समायोजनको दायरामा ल्याएर क्षमतावान नेताहरूलाई अगाडि ल्याउनु पर्छ । त्यसै अनुसारको जिम्मेवारी दिएर हामी तलका कमिटीहरू पनि बनाउँछौं । अबको जिम्मेवारी भनेको पार्टीलाई एक ढिक्का बनाएर आउने चुनौतीहरूलाई सामना गर्न तयार रहनुपर्छ ।

नेकपा केन्द्रीय नेतृत्वले जसरी जिल्लाहरूमा अध्यक्ष र सचिवको टुंगो लगाएको छ त्यसरी नै अब अन्य पदाधिकारीहरू पनि मनोनयन हुन्छ । जिल्लाहरूमा अब केन्द्रीय नेतृत्वले अन्य पदाधिकारीहरूलाई मनोनयन गर्दैन । त्यसका लागि हामीले सल्लाह र सुझाव दिन्छौं र त्यसको आधारमा प्रदेश कमिटीले टुंगो लाग्नेछ । जिल्लाका मुख्य पदाधिकारी अध्यक्ष र सचिव नै हो । अध्यक्ष र सचिवको टुंगो केन्द्रले लगाइसकेको छ ।

अहिले हामी प्रदेश कमिटी मातहतमा छौं । केन्द्रले अध्यक्ष र सचिव टुंगो लगाउँदा कुनै पनि विवाद छैन, सबैले स्वीकार गरेका छन् । सोही अनुरूप हामीले विवादरहित तरिकाले अन्य पदाधिकारीहरूको चयन गर्नेछौं । अब नेकपाले क्षेत्रीय इन्चार्जहरूको टुंगो लगाउँछ, त्यसका लागि हामीले प्रदेश कमिटीलाई सुझावहरू दिन्छौं । क्षेत्रीय इन्चार्जहरू हामीले सिफारिस गरेको आधारमा प्रदेश कमिटीले अनुमोदन गर्छ । सल्लाहकार समिति, प्रत्येक वडा र क्षेत्रहरूको खाका हामीले तयार गर्दैछौं । हामीले योग्य, क्षमतावान र अनुभवीहरू साथीहरूको कार्यको मूल्यांकन गरेर सोहीअनुसार जिम्मेवारी दिन्छौं । यसैगरी, हामीले युवा पुस्तालाई पनि क्षमताको आधारमा कार्यको जिम्मेवारी दिई एकताबद्ध तरिकाले अगाडि बढ्छौं ।

**मेरा चुनौतीहरू:**

प्रदेश २ मा नेकपाका लागि धेरै ठूलो चुनौती र अवसर पनि हो । अहिले तीनै तहको सरकारको उपस्थिति रहेको छ । केन्द्रमा हाम्रै पार्टीको दुई तिहाइको सरकार छ भने प्रदेश २ मा मधेशकेन्द्रित दलहरूको सम्मिलित सरकार छ । यस्तो अवस्थामा विगतमा हामीप्रति उठेका नकारात्मक कुराहरूलाई हटाउनुपर्ने हाम्रो पहिलो दायित्व हो । विगतमा मधेशकेन्द्रित दलहरूले आफ्नो कमीकमजोरी लुकाउन हामीलाई गाली गरेर बदनाम गर्ने काम गरे । त्यो भ्रमलाई जनताबाट हटाउन हाम्रो चुनौती हो । हाम्रो विरोधमा गरिएका गलत प्रचारबाजीबारे हामीले बुझाइरहेका छौं र त्यसलाई चिरफार पनि गरिरहेका छौं । अब हामी धनुषा जिल्लाको प्रत्येक वडादेखि पालिकाहरूमा नेकपालाई बलियो बनाउँछौं । हाम्रा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको सपना छ कि 'समृद्ध नेपाल, सुखी नेपाली', त्यसलाई साकार पार्न हामीले विकासको लहर फैलाएर जनतालाई साँच्चै नै त्यसको अनुभूति गराउँछौं ।

सबैलाई कसरी समेटेर लग्ने भन्ने बारे हामीले रणनीति बनाउँदैछौं । नेपाल कम्युनिष्ट पार्टीले प्रदेश २ लाई उपेक्षा गरेको वा हेपेको लगायतका भ्रमहरू छरिएको छ । विगतमा हामीले यस्ता आरोपहरू केही मधेशकेन्द्रित दलका नेताहरूबाट खेप्यौं । तर, नेपाल कम्युनिष्ट पार्टीले जति रचनात्मक कार्य यो प्रदेशमा गरेको छ, अहिलेसम्म प्रदेश सरकारले पनि गर्न सकेको छैन । प्रदेश २ को विकास निर्माणको कार्यमा नेकपा नेतृत्वको संघीय सरकारले विशेष प्राथमिकतामा राखेको छ । हाम्रो संघीय सरकारले प्रदेश २ का अत्यन्तै राम्रा-राम्रा योजनाहरू ल्याएको छ । त्यसैले प्रदेश २ मा परिवर्तनका वाहक नेकपा नै हो । नेपाल कम्युनिष्ट पार्टीले परिवर्तन चाहन्छ र सोही अनुसार विकासको लहर लिएर आउँदैछ । हाम्रो मुख्य उद्देश्य नै हरेक ठाउँमा विकास गर्ने, समस्याग्रस्त ठाउँको पहिचान गरेर अगाडि बढ्ने रहेको छ । सोहीअनुसार हामीलाई हाम्रो मुख्यालयबाट निर्देशन आएको छ ।

**नेकपाप्रति भ्रम फैलाइयो**

विगतमा हाम्रा पार्टी अध्यक्ष केपी शर्मा ओलीका अभिव्यक्तिहरूलाई अनावश्यक रूपमा बंग्याएर प्रचारबाजीहरू गराइयो । केपी ओली मधेश विरोधी हुन् भन्ने किसिमका नकारात्मक भ्रमहरू पनि फैलाइए । विगतमा कथित मधेशवादीहरूले मधेशमा आफ्नो वर्चस्व बढाउनका लागि हामीलाई गाली गरेका थिए । तर, जनताले अनावश्यक भ्रम फैलाउनेहरूको चरित्र पनि हेरिसकेका छन् । जनताले राम्ररी बुझिसकेका छन् कि जनपक्षीय काम गर्ने पार्टी नै नेपाल कम्युनिष्ट पार्टी हो । विगतमा हामीले जुन सोच ल्याएका थियौं जस्तै-आफ्नो गाउँ आफै बनाऊँ, वृद्ध भत्तामा वृद्धि, विधवा भत्ता, विकास निर्माण लगायतका अभियानहरू हामीले सुरू गरेका थियौं । ती सबै लोकप्रिय कामहरू गरेर जनतामा हामी स्थापित हुँदैछौं । यी कुरा हामीले मधेशका जनतालाई पनि बुझाउन सफल भएका छौं । कथित मधेशवादीहरूले मधेशलाई अधिकार दिएन, मधेशीलाई हेला गऱ्यो भनेर अनावश्यकरूपमा हामीलाई आरोप लगाउने काम गऱ्यो । ती सबै कुरा जनताले बुझिसकेका छन् कि ती कुराहरू कपोलकल्पित थियो ।

केही नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थ सिद्ध गर्नका लागि हामीलाई बदनाम गर्न खोजेका थिए । तर, हामीले ती अनावश्यक आरोप र भ्रमलाई चिर्न सफल भयौं । अहिले पनि प्रदेश २ मात्रै होइन मधेशका हरेक जिल्लामा हाम्रो संगठन बलियो रूपमा उपस्थिति जनाएको छ । अहिले पनि नेकपालाई प्रदेश २ मा सबभन्दा ठूलो दलको रूपमा जनताले मत दिएर पठाएका छन् । हाम्रा नीति, कार्यक्रम र कार्य हेरेर जनताले नेपाल कम्युनिष्ट पार्टीमाथि विश्वास गरेको छ । केही फटाहा र सामन्ती प्रवृत्तिका नेताहरूले हामीलाई दबनाम गर्ने प्रयत्न गरे । गरिब, किसान, मजदूर जनता हाम्रा पक्षमा छन् ।

जनताले अब आउने दिनमा नेकपालाई बहुमत दिनेछ । नेकपाले नै विकास र समृद्धि ल्याउन सक्छ भन्ने विश्वास आम जनतामा जागेको छ । नेकपाप्रति अन्य पार्टीका नेता कार्यकर्ताहरूको विश्वास लाग्न थालेको छ र नेकपा प्रवेश गर्ने क्रम बढ्दै गएको छ । आगामी दिनमा नेकपामा प्रवेशको लहर आउँदैछ । ठाउँ-ठाउँका नेता कार्यकर्ताहरू नेकपामा प्रवेश गर्न आतुर देखिएका छन् । मधेशवादी दलहरूका धेरै वडाअध्यक्षहरू नेकपामा आइसकेका छन् । जनताका आशा र भरोसा नेकपा नै हो भनेर भनिरहेका छन् । नेकपाप्रति मधेशमा जुन नकारात्मक प्रचार गरिएको थियो त्यो सबै हटिसकेको अवस्था छ । भर्खरै रौतहटको गरूडामा सम्पन्न आमसभामा पनि अपार जनसंख्याको उपस्थिति रहेको थियो । त्यसले पनि अनुमान लगाउन सकिन्छ कि नेकपाप्रति आम जनताको विश्वास कति बढेको हो । गरूडामा हामीले कल्पना गरेभन्दा बढी जनसमुदायको उपस्थिति रहेको थियो । नेकपाप्रति बढ्दै गएको जनसमर्थनलाई हेरेर अन्य पार्टीहरूको सातोपुत्ला जान थालेको छ । मधेशमा आगामी दिनमा नेकपाले नै सरकार बनाउँछ र जनताको अपेक्षा पूरा गर्छ ।

**प्रदेश सरकार पूर्ण असफल**

जनताबीच ठूला-ठूला भाषण गरेर जनतालाई सपना देखाइ सरकार बनाएका राजपा र फोरमको सरकारले प्रदेश २ मा कुनै पनि उल्लेखनीय कार्य गर्न सकेको छैन । प्रदेश सरकारले संघीय सरकारलाई बदनाम गराउन मात्र लागेको देखिन्छ । विकास निर्माणका लागि आएका बजेट राम्ररी उपयोग गर्न सकिरहेको छैन । तसर्थ, हामी भन्न सक्छौं कि प्रदेश २ को सरकार पूर्ण असफल छ । जनताको पक्षमा काम गर्नका लागि हामीले पनि निरन्तर दबाब दिइरहेका छौं । प्रदेश २ को संसदमा पनि हाम्रा पार्टीका सांसदहरूले प्रदेश सरकारलाई दबाब दिइरहेका छन् ।

> कथित मधेशवादीहरूले मधेशलाई अधिकार दिएन, मधेशीलाई हेला गऱ्यो भनेर अनावश्यकरूपमा हामीलाई आरोप लगाउने काम गऱ्यो । ती सबै कुरा जनताले बुझिसकेका छन् कि ती कुराहरू कपोलकल्पित थियो । केही नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थ सिद्ध गर्नका लागि हामीलाई बदनाम गर्न खोजेका थिए ।

प्रदेश सरकारले आफ्ना नेता कार्यकर्ताहरूलाई भर्ना मात्र गरिरहेका छन् । प्रदेश सरकारले भर्ति केन्द्र बनाएको छ । प्रदेशका मन्त्रीहरूले आफ्ना आसेपासेहरूलाई खोजी-खोजी विकास निर्माणको नाममा बजेट दिइरहेका छन् । बजेट कसरी हत्याउने त्यस्ता कार्यमा प्रदेश सरकारका मन्त्रीहरू लागेका छन् । यो कुराहरूलाई हामीले आन्दोलनको रूपमा अगाडि बढाउनेछौं र जनताको बीचमा हामी जान्छौं ।

जनताको पक्षमा वकालत गर्न हामी प्रदेश सरकारलाई घच्घचाउँछौं । प्रदेश सरकारले काम गरपछि हामीले सल्लाह र सुझाव दिन्छौं तर कामै गर्दैन भने कसरी सुझाव वा सल्लाह दिने ? हामी चाहन्छौं कि प्रदेश सरकारले आफ्ना कमी कमजोरी सच्याओस् । जनताको पक्षमा काम गर्न र भेदभाव नगर्न प्रदेश सरकारलाई हामी दबाब दिइरहन्छौं । जनताको पक्षमा काम नगरेपछि हामीले प्रदेश सरकारको विरूद्धमा आन्दोलन गर्ने बाहेक अन्य कुनै विकल्प रहँदैन । लामो समयको संघर्षपछि जनताले प्राप्त गरेका उपलब्धिहरू संस्थागत गर्न र जनता अपेक्षित काम गर्न हाम्रो दबाब निरन्तर रहन्छ । जनताको विकासको बजेटबाट आफ्नो कार्यकर्ता पाल्ने कार्य बन्द नगरिए हामी बाध्य भएर कडा कदम चाल्नेछौं । त्यसकारण, प्रदेश सरकारको गलत कामको भण्डार त हामीले गर्नैपर्छ ।

व्यापक अनियमितता

विकास निर्माणका लागि आएका बजेटमा व्यापक आर्थिक अनियमितता भएको आम जनगुनासोहरू आइरहेका छन् । प्रदेशका मन्त्रीहरूले आफ्ना आसेपासेहरूलाई बजेट बाँड्ने तर काम कागजमा मात्र देखिने गरेको कुरा सर्बविदितै छ । विगतमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधाम आउँदा व्यापक अनियमितता भएको कुरा सत्तारूढ दलकै नेता कार्यकर्ताहरू आरोप लगाइरहेका छन् । प्रधानमन्त्री मोदीको भ्रमणमा कति खर्च भयो, के शीर्षकमा भयो भन्ने कुराको कुनै लेखाजोखा नै छैन । त्यस्तै, भारतको उत्तरप्रदेशका मुख्यमन्त्रीको भ्रमणमा पनि आर्थिक अनियमितता भएको गुनासाहरू छन् । यस्ता कुराहरूको स्पष्टिकरण अहिलेसम्म पनि प्रदेश सरकारले दिन सकेको छैन । खासगरी प्रदेश सरकारले गर्ने खर्चहरूको कहीं कतै पनि पारदर्शिता छैन भन्ने कुरा सम्बन्धित पार्टीकै सांसदहरूले पनि विरोध जनाइरहेका छन् । तसर्थ, जनताको विकासका लागि आएका बजेटमा आर्थिक अनियमितता भइरहँदा हामी चुप लागेर बस्दैनौं ।

*(नेकपाका धनुषा जिल्ला अध्यक्ष यादवसँग गरिएको कुराकानीमा आधारित)*

## सताको सात बात



हामी आज राष्ट्र निर्माणको एउटा राष्ट्रिय अभियानमा जुटिरहेका छौं, यस्तो बेलामा साहस र धैर्यतासँगै आत्मविश्वासको पनि आवश्यकता छ । त्यही आत्मविश्वासका साथ अगाडि बढेर देशलाई समुन्नत र प्रतिष्ठित बनाउन सक्दछौं । **केपी शर्मा ओली, प्रधानमन्त्री**



सरकारले ठोस धरातलबिना समृद्धिको नारा मात्रै लगाइरहेको छ, सबै शक्ति एकै ठाउँ केन्द्रित गरेर सरकार सर्वसत्तावादको बाटोमा देखिएको छ । लगानी, शान्तिसुरक्षा, सामाजिक सद्भाव र राजनीतिक स्थिरता कुनै विषयमा सरकारले काम गर्न सकेको छैन । **शरत्सिंह भण्डारी, अध्यक्षमण्डलका संयोजक, राष्ट्रिय जनता पार्टी**



वर्तमान ओली सरकारले एकपछि अर्को अलोकतान्त्रिक निर्णय अनि व्यवहार गरिरहेको छ, तर हाँमी उहाँहरूले विगतमा गरेजस्तै सडकको रेलिङ भाँच्ने, संसदको कुर्सी भाँच्ने जस्ता अराजक र उदण्ड ढंगले विरोध प्रदर्शन गर्ने अलोकतान्त्रिक प्रतिपक्ष बन्दैनौं । **विमलेन्द्र निधि, उपसभापति नेपाली कांग्रेस**



जनताका दैनिक आवश्यकता पूरा गर्नेतर्फ, भ्रष्टाचार रोक्नेतर्फ प्रधानमन्त्रीको ध्यान छैन, गफ गर्ने प्रतिस्पर्धा भयो भने ओलीजी एक नम्बरमा आउनुहुन्छ, उहाँ कुरामा हिरो हुनुहुन्छ, काममा जिरो । पानी जहाज ल्याउने, रेल ल्याउने ठूला कुरा गर्छन् तर रेल कसरी ल्याउने थाहा छैन । **प्रकाशशरण महत, सहमहामन्त्री, नेपाली कांग्रेस**



जबसम्म पार्टी एक ढीका हुँदैन तबसम्म निएमित महाधिवेहशन सम्भव छैन, यदी निएमित महाधिवेशन भैहाल्यो भने पनि त्यसको कुनै अर्थ छैन । तसर्थ, पहिला एकता महाधिवेशन गरेर पार्टीलाई एक ढीका बनाउँ त्यसपछि निएमित महाधिवेशन गरौंला । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी**



नीति स्पष्ट नहुँदा प्रदेशलाई काम गर्न निकै समस्या भएको छ, बजेट बिनियोजन गर्न हामीलाई समस्या छैन, तर समृद्धिको यात्रा पूरा गर्न संघीय सरकारले प्रदेशप्रतिको धारणा फेर्नुपर्छ । संघ र प्रदेशले गर्ने विकास निर्माणको काम स्पष्टरूपमा छुट्याउनुपर्ने छ । **डोरमणी पौडेल, मुख्यमन्त्री, प्रदेश ३**



हलिया र कमैयको पुनर्स्थापना सम्पन्न गरेर सीपमूलक तथा रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्नेछौं, सरकारले थालेको पुनर्स्थापनामा स्थानीय सरकारले सघाउनुपर्नेछ । अर्को वर्षदेखि मुलुकमा हलिया र कमैयाको विषयमा पुनः चर्चा नहुने गरी काम गर्नेछौं । **पद्माकुमारी अर्याल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री**

## मधेशमा नेकपाको अध्यक्ष तथा सचिव

| क्र.सं. | जिल्ला | अध्यक्ष | सचिव |
|---|---|---|---|
| १ | झापा | चिन्तन पाठक | मणिकुमार साङपाङ |
| २. | मोरङ | विनोद ढकाल | गोपीबहादुर आच्छामी |
| ३. | सुनसरी | योगेन्द्र मण्डल | रमेश बस्नेत |
| ४. | उदयपुर | विनोद कटुवाल | ईश्वरमणि राउत |
| ५. | सप्तरी | अशोक मण्डल | गोविन्द न्यौपाने |
| ६. | सिरहा | रामकुमार यादव | प्रमोदनारायण यादव |
| ७. | धनुषा | राजकिशोर यादव | श्रवण यादव |
| ८. | महोत्तरी | राजु खड्का | सौकिलाल यादव |
| ९. | सर्लाही | रेवती पन्त | डाचाराज वाग्ले |
| १०. | रौतहट | कमल यादव | युवराट भट्टराई |
| ११. | बारा | छत्रबहादुर श्रेष्ठ | सुन्दर विश्वकर्मा |
| १२. | पर्सा | प्रभु हजारा | विजय महतो |
| १३. | चितवन | यमबहादुर परियार | कृष्णभक्त पोखेल |
| १४. | नवलपरासी (पूर्व) | रोशन गाहा | मित्रशरण शर्मा |
| १५. | नवलपरासी (पश्चिम) | भविश्वर तिवारी | तुलसी पासी |
| १६. | रुपन्देही | शिवराज सुवेदी | दधिराम न्यौपाने |
| १७. | कपिलवस्तु | झविलाल पोखेल | रामचन्द्र साह |
| १८. | दाङ | टिकाराम खड्का | तुलसीराम पुन |
| १९. | बाँके | आई.पी.खरेल | अशोक कोइराला |
| २०. | बर्दिया | भवनकुमार थारु | हरि ज्ञवाली |
| २१. | कैलाली | रतन थापा | लालबहादुर सोडारी |
| २२. | कञ्चनपुर | वीरबहादुर थापा | तारा लामा |

# प्रदेश २ मा पञ्चवर्षीय योजना सुरू गर्ने तयारी छ

**हामीले तयार पारेको प्रतिवेदनलाई प्रदेशसभाले सकारात्मक रूपमा लिनुपर्छ। अब प्रदेश सरकारले हाम्रो प्रतिवेदनअनुसार नाम र राजधानी घोषणा गर्छ वा गर्दैन त्यो हाम्रो अधिकार क्षेत्रभन्दा बाहिरको कुरा हो। तर, हाम्रो प्रतिवेदन जनभावनाअनुरूप तयार पारिएको छ। त्यसैले प्रदेशसभाले प्रतिवेदनलाई महत्व दिनुपर्छ र गम्भीरतापूर्वक लिनुपर्छ।**



## डा.हरिवंश झा

**नीति आयोगका उपाध्यक्ष एवम् सम्वाद तथा सुझाव आयोगका अध्यक्ष**

- ☛ **यो प्रदेशले पहिलोचोटि यस्तो सुझाव संकलन गरेको हो। अन्य प्रदेशहरूले प्रदेशको नाम र राजधानीका लागि सुझाव संकलन गरेको छैन।**
- ☛ **प्रदेश २ सबै प्रदेशभन्दा अगाडि बढ्दैछ नीति निर्माणको क्रममा। हाम्रो सुरूदेखि नै म्यान्डेड के थियो भने नीति निर्धारण गर्ने। नीति आयोग मुख्यमन्त्रीको एउटा अंग पनि हो।**
- ☛ **हाम्रो एप्रोच पेपर छिट्टै आउँदैछ। त्यसअनुसार नै सरकारको २०७६/७७ को नीति तथा कार्यक्रम आउँदैछ। एउटा पञ्चवर्षीय योजना तयारी भइरहेको छ कि हामीले अगाडि के गर्ने र यति मात्रै होइन कि २०/३० वर्ष सम्म के गर्न सकिन्छ त्यस किसिमका कुराहरू पनि आउँदैछ।**
- ☛ **नीति निर्माणकै सन्दर्भमा हाम्रो डेमोक्रेटिक प्रोफाइल पनि तयारी भइरहेको छ। त्यसको काम पनि सुरू गरेका छौं। निकट भविष्यमा नै त्यो हामी प्रोभिन्सियल प्रोजेक्ट बैंक कोर्स सुरूवात गर्ने क्रममा छौं।**
- ☛ **लगानी सम्मेलनलाई प्रदेश २ ले अन्य प्रदेशभन्दा धेरै सकारात्मकरूपमा लिएको छ। यसबाट यो प्रदेशले लगानी सम्मेलनमा सहभागिता जनाएर धेरै महत्वपूर्ण योगदान दिएको छ।**
- ☛ **हाम्रो लागि सबैभन्दा ठूलो स्रोत सौर्य ऊजा हुनसक्छ। त्यसलाई प्रदेशले स्वीकार गरी त्यो अवधारणालाई मूर्तरूप दिनका लागि यहाँ २०० मेगावाट उत्पादन गर्नेछौं।**
- ☛ **पहिलो प्राथमिकता कृषि हो भने त्यसलाई टेवा दिनका लागि उद्योगहरूलाई पनि प्राथमिकता दिएका छौं।**

**० प्रदेश २ को नाम र स्थायी राजधानीका लागि तपाइको नेतृत्वमा गठित आयोगले सुझाव संकलन गरेको, कस्ता किसिमका सुझावहरू आएका छन् ?**

– अहिलेसम्म हामीले प्रदेश सरकारलाई प्रतिवेदन बुझाइसकेका छैनौं। त्यसैले नाम र राजधानीको विषयमा के के आयो भन्न सक्दिन। यति मात्र भन्न सक्छु कि यहाँको जुन जनभावना छ, त्यहीं अनुरूप नाम र राजधानीका विषयमा सुझाव आएको छ। ठ्याक्कै यही नै आएको हो भन्ने अवस्थामा हामी छैनौं।

**० नाम र राजधानी बारेको प्रतिवेदन कहिले बुझाउनुहुन्छ ?**

– हामीलाई जुन समयसीमा दिइएको थियो त्यसअनुसार हाम्रो प्रतिवेदन तयारी अवस्थामा छ। प्रदेश सरकार जति बेला चाहन्छ त्यो बेला हामी दिन्छौं र बाहिर आउँछ।

**० तपाइँहरूले कस्ता व्यक्ति र समूहहरूसँग सुझाव संकलन गर्नुभएको छ ?**

– हामीले मुख्यतः जनभावना बुझ्नुपर्ने थियो। त्यसका लागि हामी प्रदेश २ का आठवटै जिल्लामा पुग्यौं। त्यहाँ हामीले प्रतिनिधिसभाका सदस्य, राष्ट्रिय सभाका सदस्य, प्रदेशसभाका सदस्यहरूलाई समेट्ने प्रयत्न गर्‍यौं। त्यसबाहेक सम्बन्धित जिल्लाका स्थानीय तहका प्रतिनिधिहरूलाई आमन्त्रण गरेका थियौं। त्यसमा धेरैजसो जनप्रतिनिधिहरूको संलग्नता पनि थियो। यसैगरी, बुद्धिजीबी, विभिन्न पेशाकर्मी, नागरिक समाजका अगुवाहरूलाई समेट्ने कोशिस गरेका थियौं। त्यहीं आधारमा हामीले नाम र राजधानीको विषयमा प्रतिवेदन तयार गरेका छौं।

**० सुझाव संकलनमा सर्वसाधारण जनताको सहभागिता थिएन ?**

– नागरिक समाजमा करिब-करिब सबै आउँछ। त्यसैले, सर्वसाधारण पनि यसैमा आउँछ। सुझाव संकलनमा कुनै पनि वर्ग छुटेका छैनन्।

**० तपाइँहरूको प्रतिवेदनअनुसार प्रदेश सरकारले नाम र राजधानी तोक्न सजिलो हुन्छ ?**

– हामीलाई सुझाव संकलन गरेर प्रतिवेदन बुझाउन भनिएको थियो। हामीलाई दिइएको समयमा आफ्नो काम पूरा गर्‍यौं। यसपछिका प्रक्रियाहरू प्रदेश सरकारको जिम्मेवारी हो।

**० तपाइँहरूले दिएको प्रतिवेदनअनुसार प्रदेश सभाले नाम र राजधानी घोषणा गर्छ त ?**

– हामीले तयार पारेको प्रतिवेदनलाई प्रदेशसभाले सकारात्मक रूपमा लिनुपर्छ। अब प्रदेश सरकारले हाम्रो प्रतिवेदनअनुसार नाम र राजधानी घोषणा गर्छ वा गर्दैन त्यो हाम्रो अधिकार क्षेत्रभन्दा बाहिरको कुरा हो। तर, हाम्रो प्रतिवेदन जनभावनाअनुरूप तयार पारिएको छ। त्यसैले प्रदेशसभाले प्रतिवेदनलाई महत्व दिनुपर्छ र गम्भीरतापूर्वक लिनुपर्छ।

**० नामको सन्दर्भमा सत्तारूढ फोरम र राजपाले मधेश प्रदेश हुनुपर्छ भन्ने धारणा राख्दै आएको छ भने प्रतिपक्षी नेकपा र कांग्रेसले मधेशलाई स्वीकार्ने अवस्था देखिएको छैन। यो प्रतिवेदनले नामको विवादलाई समाधान गर्ला त ?**

– नामको सन्दर्भमा जब हामी फिल्डमा गयौं, त्यहाँ विभिन्न धारणाहरू आएका छन्। तपाइँले भनेअनुसार नै पार्टीगतरूपमा फरक धारणा देखेनौं। ती पार्टीहरूको लाइन के छ त्यो मलाई थाहा भएन तर, नामको सन्दर्भमा पार्टीको धारणाभन्दा माथि उठेर हामीलाई सुझाव आएको छ। त्यसैले, हाम्रो प्रतिवेदनलाई प्रदेशसभाले गम्भीरतापूर्वक लिनुपर्छ। हामी राजनीतिक स्तरभन्दा माथि उठेर सुझाव संकलन गरेका छौं। मलाई लाग्छ प्रदेशसभाले पनि राजनीतिभन्दा माथि उठेर प्रदेशका जनताहरूको जनभावनाअनुसार अगाडि बढ्दा राम्रो हुन्छ।

**० तपाइँहरू सुझाव संकलन गरिरहँदा कतिका अप्ठ्याराहरू आए ?**

– सुझाव संकलन गर्दा समस्या तथा अप्ठ्याहरू त अवश्य आए। यो प्रदेशले पहिलोचोटि यस्तो सुझाव संकलन गरेको हो। अन्य प्रदेशहरूले प्रदेशको नाम र राजधानीका लागि सुझाव संकलन गरेको छैन। अन्य ६ वटा प्रदेशले क्याबिनेटको निर्णयबाट घोषणा गरे भने कतिपयले काठमाडौंबाट निर्देशनका लागि कुरिरहेका छन्। अहिले पनि कतिपय प्रदेशले नामाकरण गर्न सकेको छैन। त्यसैले, नाम र राजधानी जस्तो संवेदनशील विषयमा सुझाव संकलन गर्नु हाम्रो चुनौती थियो। हामीसँग सुरूमा ४५ दिनको मात्रै समय दिइएको थियो। त्यसैले हामी सुरूमा दिइएको समयमा पूरा गर्न सकेनौं। हाम्रो बढी समय केमा लाग्यो भने कसरी नाम र राजधानीबारे जनप्रतिनिधिमूलक बनाउने, कसरी जनभावनाअनुसार बनाउने। यो कार्यमा सबैको भावनालाई समेट्नुपर्छ भनेर हामीले रणनीति बनायौं। हामीले सुझावका लागि एउटा पेपर तयार गरेका थियौं र त्यसमा विभिन्न पक्षबाट जुन किसिमले भावनाहरू आएका छन्, त्यसअनुसार प्रतिवेदन तयार गरिएको छ। सबैको भावना समेटिने गरी काम गरेका छौं। ठूलो समस्या त्यहीं थियो कि कसरी जाने। त्यस कार्यमा जनताको पनि एक किसिमको उत्साह देखिएको थियो। यस कार्यमा हामीले सबैको संलग्नता र सहकार्यतामा निर्धारित समयमा काम गर्न पायौं।

**० तपाइँ प्रदेश २ को नीति आयोगका उपाध्यक्ष पनि हुनुहुन्छ। प्रदेश २ मा कस्ता किसिमका नीति र योजनाहरू निर्माण हुँदैछ ?**

– प्रदेश २ सबै प्रदेशभन्दा अगाडि बढ्दैछ नीति निर्माणको क्रममा। हाम्रो सुरूदेखि नै म्यान्डेड के थियो भने नीति निर्धारण गर्ने। नीति आयोग मुख्यमन्त्रीको एउटा अंग पनि हो। किनभने नीति आयोगका अध्यक्ष मुख्यमन्त्री आफै पनि हुनुहुन्छ। मुख्यमन्त्रीको थिंक ट्यांकको रूपमा हामीले आर्थिक विकासका विषयमा समय-समयमा विचार दिने आफ्नो काम पनि हो। त्यो हामीले गर्दै आएका छौं। नीति निर्माणको क्रममा हामीले पहिलो चोटि पञ्चवर्षीय योजना तयारी गरिरहेका छौं। हाम्रो एप्रोच पेपर छिट्टै आउँदैछ। त्यसअनुसार नै सरकारको २०७६/७७ को नीति तथा कार्यक्रम आउँदैछ। एउटा पञ्चवर्षीय योजना तयारी भइरहेको छ कि हामीले अगाडि के गर्ने र यति मात्रै होइन कि २०/३० वर्ष सम्म के गर्न सकिन्छ त्यस किसिमका कुराहरू पनि आउँदैछ। हाम्रो रेट अफ ग्रोथ के हो, कहाँ जाने आदि-इत्यादि सबै कुराको पञ्चवर्षीय योजनामा समेटिने गरी आउँछ। सुरूमा एप्रोच पेपर बनाएर मूल डकुमेन्ट आउँछ।

यसबाहेक नीति निर्माण गर्न प्रदेशको अवस्था के छ, सामाजिक, आर्थिक, शैक्षिक लगायतका अवस्था के छ, यस किसिमका तथ्यांक हामीसँग थिएन। किनभने यसअघि हाम्रो जुन राजनीतिक प्रणाली थियो त्यो एकात्मक थियो। अहिले जस्तो नेपाल सरकारले प्रादेशिकअनुसार नीति योजना बनाएको थिएन। त्यो एउटा मूल समस्या थियो। हाम्रो राष्ट्रिउ जनगणनाको तथ्यांक सन् २०११ सालमा आएको थियो र त्यो पनि धेरै पुरानो भइसकेको थियो त्यसका तथ्यांकहरू। अहिले त्यसको अध्यावधिक स्थिति के छ, स्वास्थ्य, शिक्षा, वातावरण, वन लगायत विभिन्न क्षेत्रमा के छ यसबारे हामीलाई जानकारी थिएन। त्यसैले हामीले एउटा प्रोभिन्सियल प्रोफाइल बनाइरहेका छौं। त्यो प्रोभिन्सियल प्रोफाइल एकदम एडभान्समा गइसकेको छ। त्यसको अन्तिम ड्राफ्ट आइसकेको छ। त्यसलाई हामी अन्तिम रूप दिँदैछौं।

यस्तै, नीति निर्माणकै सन्दर्भमा हाम्रो डेमोक्रेटिक प्रोफाइल पनि तयारी भइरहेको छ। त्यसको काम पनि सुरू गरेका छौं। निकट भविष्यमा नै त्यो हामी प्रोभिन्सियल प्रोजेक्ट बैंक कोर्स सुरूवात गर्ने क्रममा छौं। यस किसिमले यी विभिन्न नीति निर्माण कतिपय फिल्डमा गर्न जुन सहायक नीति हुन्छन् त्यो बनाउनका लागि आधार तयार गर्न लागेका छौं।

**० प्रदेश सरकारले आफ्नो एकवर्षे कार्यकालमा बेटी बचाउ, बेटी पढाउ अभियानबाहेक अन्य कुनै किसिमका महत्वाकांक्षी योजना ल्याउन नसकेको व्यापक जनगुनासो छ नि ?**

– हेर्नुस्, कुनै घर बनाउनभन्दा पहिला त्यसको नक्सा बनाउनु आवश्यक हुन्छ। नक्सा भएपछि मात्रै हामीलाई यस्तो बनाउनुपछ, यो स्वरूप दिनुछ भन्ने काम प्रदेश सरकारले गर्‍यो। त्यसैले, सुरू-सुरूमा प्रदेश सरकारले एउटा ढाँचा निर्माण गरेको छ। त्यसकारण, तत्क्षण नै प्रदेश सरकारले के गरेको, के प्रतिफल दिएको भन्ने अपेक्षा गर्नु हुँदैन। तर पनि बेटी बचाउ, बेटी पढाउ जुन अभियान छ मुख्यमन्त्रीजीको त्यो आफ्नै ठाउँमा छ। यो एउटा नौलो अभियान छ। यसभन्दा पहिला कहिल्यै पनि भएको थिएन। छोरीहरूको भविष्य सुरक्षित हुन्छ भन्ने कुरा कहिल्यै पनि कसैले सोचेका थिएनन्। ती सबै उल्लेखनीय कार्यहरू यो प्रदेश सरकारले गर्दैछ। यसका अलावा स्वच्छतामा पनि ध्यान दिएको छ। त्यसका लागि मुख्यमन्त्री स्वच्छता अभियान चलाइएको छ। यो प्रदेश स्वच्छतामा अगाडि बढोस्। किनभने समृद्धि ल्याउनका लागि स्वच्छता एउटा पूर्वाधारमध्येको एक हो। त्यसैले, प्रदेश सरकारको स्वच्छतातर्फ पनि ध्यान गएको छ। यसका लागि मुख्यमन्त्रीजीको नेतृत्वमा निरन्तर चलिरहेको छ। यसरी मुख्यमन्त्रीजीको यी दुईटा अभियान चलिरहेका छन्।

यस्तै, अन्य मन्त्रालयहरूमा पनि काम नबढेको त होइन। तर, जुन कठिन परिस्थितिमा हामी काम गरिरहेका छौं, त्यसमा प्रदेशले जे गरिरहेको छ त्यसलाई सकारात्मकरूपमा लिनुपर्छ। तैपनि हामी उत्कृष्ट काम गरिरहेका छौं भनेर त भन्दैनौं। तर, सन्तोष गर्ने ठाउँ छ।

**० तर, नीति कार्यक्रम बनाउँदा प्रतिपक्षीहरूको भावना समेटिएन भन्ने गुनासो छ। प्रदेश सरकारले एकलौटी गर्‍यो भन्ने गुनासो छ नि ?**

– प्रदेश सरकारले प्रतिपक्षीहरूसँग छलफल नगरेको भन्ने त कुरै छैन। किनभने हामीसँग प्रदेशसभा छ र प्रदेशसभामा बिना सहकार्य कुनै चीज अगाडि बढ्दैन। प्रदेश सरकारले कुनै ऐन बनाउँदा वा नियम/ऐन बनाउँदा व्यापकरूपमा प्रतिपक्षी दलहरूसँग समझदारी नभइकन अगाडि बढ्ने कुरै छैन। त्यसैले यो प्रदेशको धेरै सकारात्मक पक्ष के हो भने हामीले ऐन बनाउने क्रममा अन्य प्रदेशको तुलनामा अगाडि नै छौं। यदि कुनै पक्षबाट यस विषयमा प्रदेश सरकारको आलोचना भएको छ भने त्यो व्यक्तिगत धारणा होला। तर, समष्टिगतरूपमा प्रदेश सरकारले निरन्तररूपमा अन्य दलहरूसँग सहकार्य गरिरहेको छ। त्यसैको परिणामस्वरूप प्रदेशमा विभिन्न ऐन, कानूनहरू बनिरहेको छ।

**० तपाइँ अर्थविद् पनि हुनुहुन्छ। केही पहिला जसरी नेपालमा लगानी सम्मेलन सम्पन्न भएको छ, सो सम्मेलनबाट प्रदेश २ का लागि केकस्ता लगानी भित्रिएका छन् त ?**

– यो लगानी सम्मेलनलाई प्रदेश २ ले अन्य प्रदेशभन्दा धेरै सकारात्मकरूपमा लिएको छ। यसबाट यो प्रदेशले लगानी सम्मेलनमा सहभागिता जनाएर धेरै महत्वपूर्ण योगदान दिएको छ। त्यसबापत् प्रदेश २ ले त्यसको परिणाम पनि धेरै पायो। किनभने हामी सुविधा दिन पनि अन्य प्रदेशभन्दा एक पाइला अगाडि बढेर तत्परता देखाएको छ। कुनै विदेशी लगानीकर्ताले लगानी गर्न चाहन्छ भने प्रदेश सरकारले धेरै सुविधा दिने घोषणा गरेको छ। म एउटा उदाहरण दिन्छु कि कुनै पनि क्षेत्रको विकासका लागि ऊर्जा सबैभन्दा महत्वपूर्ण कुरा हुन्छ। हाइड्रो पावरमा प्रदेश २ मा कुनै खासै लाभ लिने ठाउँ छैन। हाम्रो लागि सबैभन्दा ठूलो स्रोत सौर्य ऊजा हुनसक्छ। त्यसलाई प्रदेशले स्वीकार गरी त्यो अवधारणालाई मूर्तरूप दिनका लागि यहाँ २०० मेगावाट उत्पादन गर्नेछौं। यस किसिमको समझदारी पत्रमा पनि हस्ताक्षर भएको छ। मलाई विश्वास छ कि यो कुरोलाई प्रदेश सरकारले सकारात्मकरूपमा अगाडि बढाउँछ। त्यसैले विभिन्न उपलब्धिमा एउटा महत्वपूर्ण उपलब्धि र छिटो देखिने उपलब्धि पनि हो सौर्य ऊर्जाको क्षेत्र। यसमा हामीले अगाडि बढेर विभिन्न विदेशी लगानीकर्ताहरू आकर्षण गर्न सक्यौं भने त्यो अत्यन्त नै सकारात्मक छ।

**० प्रदेश २ मा जसरी उद्योग, कलकारखाना स्थापनाका लागि सहज भौगोलिक अवस्था छ, यसप्रति प्रदेश सरकारको के नीति छ ?**

– उद्योग, कलकारखानाभन्दा पनि कृषि हाम्रो मुख्य प्राथमिकतामा पर्छ। तर, उद्योगको क्षेत्रमा अन्य प्रदेशभन्दा सबभन्दा मुख्य थलोको रूपमा प्रदेश २ नै छ। अहिले भएका ठूला उद्योगहरूमा विदेशी कामदारहरू बढी छन्। हाम्रो प्रदेशमा करिब १५ वटा जति सिमेन्ट फ्याक्ट्री छन्। ठूलठूला उद्योगहरू हामीसँग छ। त्यसमा चाहिने जुन म्यानपावर छ त्यसको उत्पादन हाम्रै प्रदेशमा विकास गरौं। त्यसपछि हामी त्यसलाई उपयोग गर्दा बेरोजगारीको अन्त्य पनि हुन्छ। हामी अहिले जसरी विदेशी कामदारमा निर्भर छौं, त्यो पनि कम हुन्छ। त्यस किसिमको सोचाइ प्रदेश सरकारको छ। यस दृष्टिकोणले हामी केही समय अगाडि सिमरामा गएर एउटा इन्डस्ट्रियल कन्क्लेभ पनि गरेका छौं। जसमा दुई/थरि मजबुतीका साथ सहभागी भएका थिए। त्यसमा डिभलपमेन्ट पार्टनर्सको पनि संलग्नता थियो। विभिन्न उद्योगीहरूको पनि संलग्नता थियो। त्यसले गर्दा हामीले उद्योग क्षेत्रलाई पनि प्राथमिकतामा राखेका छौं। पहिलो प्राथमिकता कृषि हो भने त्यसलाई टेवा दिनका लागि उद्योगहरूलाई पनि प्राथमिकता दिएका छौं। मुख्य फोकस हाम्रो उद्योगतिर कहाँ छ भने एग्रो प्रोसेसिङ्गमा छ। एग्रो प्रोसेसिङ्गको मतलब कृषिसँग सम्बन्धित जुन उद्योगहरू छन्, त्यसमा इम्पलामेन्ट अपरच्युनिटी डेभलप गरेर भरपूर सम्भाव्यता यहाँ छ। प्रदेश २ एक किसिमले भर्जिन ल्याण्ड पनि हो। त्यसैले हाम्रो फोकस भने ठूला उद्योगभन्दा लघु उद्योगहरूमा छ। ठूला उद्योगहरू हाम्रो हैसियतभन्दा माथि पनि छ। तर, हाम्रो मुख्य प्राथमिकता एग्रो प्रोसेसिङ्ग भएकोले त्यतातिर नीति निर्माण गर्दैछौं। यी कुराहरू हाम्रो आउन लागेको नीति तथा कार्यक्रममा पनि राखिएको छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# ओझेलमा 'सिसहनीय कोट'

दिलिप कुमार यादव

बुद्ध जन्मस्थलमा विश्वभरका पर्यटक ओइरिइरहँदा कपिलवस्तुमा उनीसँग सम्बन्धित विभिन्न पुरातात्विक स्थल भने ओझेल परेका छन्। राजप्रासादसमेत रहेको कपिलवस्तुमा बुद्धसँग जोडिएका १ सय ३६ पुरातात्विक स्थल रहेको अध्ययनबाट पत्ता लागेको छ। बुद्ध जन्मस्थल लुम्बिनी कपिलवस्तुबाट १० किलोमिटर पूर्व रूपन्देही जिल्लामा छ/। अहिलेसम्म लुम्बिनीलाई केन्द्र मानेर बुद्धस्थल र दर्शनको प्रचार भइरहेको छ। हवाई र स्थलमार्गबाट सहज पहुँच र पर्यटकीय पूर्वाधार भएकाले बौद्ध धर्मावलम्बीको आकर्षण लुम्बिनीमा देखिन्छ। कपिलवस्तु नगरपालिका-५, गोटिहवामा रहेको अशोक स्तम्भ। बुद्ध जन्मस्थलमा विश्वभरका पर्यटक ओइरिइरहँदा उनको बाल्यकाल र युवा अवस्था बितेको कपिलवस्तु भने ओझेल परेको छ। राजप्रासादसमेत रहेको यहाँ बुद्धसँग जोडिएका १ सय ३६ पुरातात्त्विक स्थल रहेको अध्ययनबाट पत्ता लागेको छ। कपिलवस्तुमा फेला परेका पुरातात्त्विक प्रमाणले जिल्ला नै 'बुद्ध बस्ती' रहेको पुष्टि हुन्छ।

तर ति १ सय ३६ पुरातात्त्विक स्थल मध्ये एक महात्वपुर्ण स्थाल हो सिसहिनीय कोट। सिसहनीय कोटको बारेमा प्रचारप्रसार नहुदाँ ओझेलमा परेको छ। जिल्लाका विभिन्न स्थालहरूको प्रचारप्रसार भईरहेको बेला सिसहनीय कोटको नाम पनि नअउनु दुखद भएको स्थानियहरूको भनाई छ।

बेलायतको दुह्राम विश्वविद्यालय, पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषले उत्खनन र अनुसन्धानको काम गर्दै आएका छ। कपिलवस्तुको महात्वपुर्ण तथा बुद्धले विताएका २९ वर्षको दरबार तिलौराकोट उत्खान्नको लागि विभिन्न सम्झौता भए पनि सिसहनीय कोटलाई उत्खन्न तथा प्रचारप्रसारमा ल्याउनाको लागि लुम्बिनी विकास कोषको कहिले पनि ध्यान गएको छैन।

मायादेवी गाउँपालिका स्थित पुरातात्त्विक स्थल सिसहनियामा सन् १९९७ मा नेपाल-इटलीको संयुक्त पुरातत्त्व टोलीले उत्खनन गरेको थियो। त्यस यता कुनै काम भएको छैन। अतिक्रमण बढेको छ। कोटको जग्गामा खेती गर्न थालेका छन। तर यस विषयमा लुम्बिनी विकास कोषले चसो दिएको छैन।

संरक्षण नहुँदा चरन स्थल बनेको छ। त्यहाँ रहेको विशाल भग्नावषेश संरक्षणको पर्खाइमा छ। सरकारले ऐन बनाएर लुम्बिनी विकास कोषलाई कपिलवस्तुका ७ वटा स्थल संरक्षण र विकासको जिम्मा दिएको थियो। तिनमा तिलौराकोट, गोटिहवा, निग्लिहवा, सगरहवा, अरोराकोट, सिसहनिया र निग्रोधाराम हुन। यी ठाउँ देख्दै पुरतात्त्विक र ऐतिहासिक लाग्छन।

कपिलवस्तुको ७ वटा स्थल संरक्षण र विकासको जिम्मा पाएको लुम्बिनी विकास कोष तिलौराकोट, गोटिहवा, निग्लिहवा, सगरहवा, अरोराकोट, र निग्रोधाराम आफ्नो कार्यक्रम तथा गतिविधि गरिरहेको छ। तर कहिलै नपुगेको सिसहनीयलाई उपेक्ष नै गरेको देखिन्छ।

मायादेवी गाउँपालिका वडा नं. ५ स्थित सिसहनीयाकोट बौद्धकालिन ईतिहस बोकेको एक महात्वपुर्ण स्थल रहेको लुम्बिनी विकास कोषले भनि रहदा पनि ध्यान कहिले जाने हो ? भने त्यहाँका स्थानियहरूले प्रश्न गर्ने गरेका छन्।



सिसहनीयको कोटमा समयमाई मन्दिर रहेकोले त्यहाँका स्थानिय तथा आसपासका गाउलेहरू पुजापाठ गर्न जान्छन्। तर जिल्ला तथा जिल्ला बहिराका पर्याटन निकै कम पुग्ने गरेका छन्।

स्थानिय निकायले पनि ध्यान नदिएको अवस्था रहेको देखिन्छ। आफ्नो स्थाल आफै संरक्षण तथा प्रचारप्रसार गरि पार्यटक ल्याउने निति अनुरूप अघि बढनु पर्नेमा मायादेवी गाउँपालिकामा पनृ सिसहनीयकोट स्थानिय तहबाट नै उपेक्षित रहेको छ।

इतिहास बोकेको कपिलबस्तु जिल्ला प्रचारप्रसाको अभावमा ओझेलमा परेको छ। विद्वान ऋषिमुनि कपिलको नामबाट राखिएको कपिलवस्तु ठुलो इतिहास बोकेरे पनि इतिहासमै सीमित भएको छ। भारतीय सीमासँग जोडिएको कपिलवस्तुको ऐतिहासिक, सांस्कृतिक वैभव राज्यको नजरमा नपर्दा कपिलवस्तुको इतिहासलाई पराईले खोसेर लैजाने डर भएको छ।

कपिलवस्तुमा राजा सुद्धोदनको राजप्रासाद तिलौराकोट प्राचीन कपिलवस्तु न्यायलयका रूपमा मानिने कुदान, भारतीय सम्राट अशोकद्धारा निर्मित गोटीहवा र निग्लिहवाको अशोक स्तम्भ रहेका छन्। यस्तै, ७७ हजार शाक्यहरूको बौद्धस्थल सगरहवा लगायतका महत्वपुर्ण स्थल, कनकमुनी बुद्धको शहर अरौराकोट, राजा शुद्धोदन र रानी मायादेवीको समाधी स्थल धमनीहवा र सिसहनिया कोट लगायत बौद्ध स्थान रहेका छन्। त्यस्तै विश्व सिमसार क्षेत्रमा सुचीकृत जगदिशपुर ताल, शिवगढी मन्दिर, सोनगढवा मन्दिर लगायत धैरै सम्भावना बोकेका प्रर्यटकीय स्थलहरू रहेका छन। तर पनि प्रचार प्रसारको अभावले यी सबै स्थानहरू ओझेलमा परेका छन्। कपिलवस्तु बुद्धको राज्य भनेर चिनिने गर्छ। विश्वभरबाट बुद्धको राज्य घुम्न बर्षेनी हजारौं पर्यटक आउने गर्छन्। तर बुद्धको २६ बर्षे इतिहास बोकेको तिलौराकोटको बारेमा न धैरैले जानकारी पाउँछन् न अवलोकन नै गर्ने गर्छन्। बुद्धको महत्वबारे कपिलवस्तु भन्दा लुम्बिनी बुद्ध पहिचान हो भन्ने बुझाई परेको छ सबैमा।

ककुछन्द बुद्धको जन्मभुमी गोटिहवा, कनममुनि बुद्धको जन्मभुमी निगलिहवा लगायत कपिलवस्तुमा धैरै भुमि रहेका छन्, जसको इतिहास जुन बुद्धसँग जोडिएको छ। यस मध्य विश्वप्रसिद्ध ऐतिहासिक र पुरातात्विक महत्व बोकेको तिलौराकोटको मात्र केहि प्रचार प्रसार भएको पाईन्छ। सदरमुकामसँगै जोडिएको तिलौराकोट भगवान गौतम बुद्धले २६ बर्ष बिताएको तथा गौतम बुद्धका पिता शुद्धोधनको राज्य पनि रहेको स्थान हो। गौतम बुद्धसँग सम्बन्धित रहेकोले यो ठाउँलाई विश्वले चिन्न सक्छ। तर आजसम्म पनि तिलौराकोटको प्रचारप्रसार जहाँसम्म पुग्न पर्ने हो पुगेको छैन।

राज्यले यो ऐतिहासिक भूमिको जति सरंक्षण गर्न पर्ने हो त्यति गरेको पाइदैन। त्यसैकारण छिमेकी भारतले तिलौराकोट नजिकै नक्कली तिलौराकोट बनाएको छ। हजारौं बौद्धमार्गी पर्यटकहरूलाई त्यही नक्कली ठाउँमा पुर्याएको छ। तेस्रो मुलुकका पर्यटक त्यही नक्कली तिलौराकोटलाई बुद्धभूमि भनेर माटो छोएर फर्किन्छन्। नेपालले सक्कली तिलौराकोटको प्रचार गर्न नसक्दा, कपिलवस्तुको प्रचार गर्न नसक्दा नक्कली भारतीयहरू हावी भएका छन्।

पर्यटकलाई भित्र्याउन भौतिक पूर्वाधार आवश्यक पर्छ। तर, कपिलवस्तुको सिसहनीयकोट आउने पर्यटकको लागि राम्रो बाटो बस्ने बतावारण तथा अन्य विविध समस्यले गर्दा पर्यटक नआउने गरेको मुख्य समस्य रहेको छ। फोहोर, खुला दिशा पिसाव, घरपालुवा चौपायालाई छाडा छोडिँदा ऐतिहासिक स्थल सिसहनिया कुरूप बनेका छन्।

संरक्षणको अभावमा रहेको सिसहनीय कोटमा ऐतिहासिक इट्टा लगायत सरंचना हराउँदै गएका छन्। साथै छेउछाउमा रहेका रूखहरू काटेर चोरी गर्ने, पुरातात्विक इट्टाहरू पनि हराई सकेका छन्।

त्यसो त, भारतले नक्कली कपिलवस्तु बनाएर कपिलवस्तुको प्रचार गरे पछि सरकारको पनि ढिलोगरी ध्यानाकर्षण भएको छ। भन कपिलवस्तुले आफ्नो ७ वटा स्थलको संरक्षणका जिम्मेवरी पाएको लुम्बिनी विकास कोष ६ ठाउँमा आफ्नो कार्य गरिरहेको बेला सिसहनीयालाई कहिले हेर्छ ? मायादेवी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष राजेन्द्र प्रसाद पाण्डेयको भनाई छ।

कपिलवस्तुबाट धैरै नेताहरू निस्किए। मन्त्रीहरू भए दिपकुमार उपाध्यय पर्यटनमन्त्री मन्त्री भए पनि सिसहनीयलाई महात्व नदिएको स्थानियहरूको भनाई छ। दिपकुमार जी यही क्षेत्र देखि मन्त्री बन्नु भयो तर सिसहनीयलाई उहाँले पनि नदेखे जस्तो गर्नु भएको छ।

विदेशी पार्यटक कपिलवस्तुको तिलौराकोट, कुदान, गोटिहवा, निगालीकोट गए पनि सिसहनीयलाई कहिले पनि देखेनन्। भने स्वदेवी अन्तरिक पर्याटकहरू पनि सबै ठाउँ घुमे पनि सिसहनीयलाई अहिले देख्ने कमै रहेका छन्।

अहले लुम्बिनी विकास कोषका कार्यकारी उपाध्यक्ष अवधेश त्रिपाठीको मावली मायादेवी गाउँपालिका वडा नं. ७ बसन्तपुर देखि ५०० मिटरको दुरीमा रहेको सिसहनीय कोटको विकासमा केहि पहल हुन्छ कि भन्ने स्थानियहरूको ठुलो आशा रहेको छ। उपाध्यक्ष त्रिपाठीले पनि कपिलवस्तु आउदाँ आफ्नो मन्तब्यमा सिसहनीयलाई कहिले पनि छुटाउन भएको छैन। तर विकासको लागि के छ हेर्ना बाँकी नै छ। सिसहनीय कोटको विकास तथा पर्याटकिय क्षेत्र बनाउनाको लागि लुम्बिनी विकास कोषले अहम भुमिका खेल्नु जरूरी देखिन्छ भने स्थानिय निकाय मायादेवी गाउँपालिका तथा वडा कार्यालयले पनि त्यतिकै भुमिका खेल्नु पर्ने हुन्छ।


राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरवार, काठमाडौं

छुट तथा पुन: जाँच सर्वेक्षण २०७५ को

सूचना

निजी आवास पुनर्निर्माण लाभग्राहीमा सूचीकृत हुन पाऊँ भनि गुनासो दर्ता गराएका गुनासोकर्ताहरुमध्ये प्राधिकरणले तोकेका र सम्बन्धित स्थानीय तहले सिफारिश गरेका गुनासोकर्ताहरुको छुट तथा पुन: जाँच सर्वेक्षण २०७५ अन्तर्गत स्थानीय तहमा परिचालित तोकिएका प्राविधिकहरु मार्फत अन्तिम पटक २०७५ चैत्र १५ देखि २०७६ वैशाख मसान्त सम्म सबै भूकम्प प्रभावित जिल्लाहरुमा स्थलगत लगत सङ्कलन कार्य भईरहेको छ। आ-आफ्नो स्थानीय तहका वडाहरुमा खटिएका प्राविधिकहरु मार्फत स्थलगत लगत सङ्कलन गराउनु हुन सबै गुनासोकर्ताहरुलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण हार्दिक अनुरोध गर्दछ। यस सम्बन्धमा थप जानकारीका लागी स्थानीय तहमा खटीएका प्राविधिक, सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई वा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरवार, काठमाडौं
टोल फ्रि नं. १६६०-०१-७२०००, ९८०१५७२१११
www.nra.gov.np


## मधेश अपडेट

### नवलपुर सदरमुकाम शिलान्यास

नवलपुर। प्रधानमन्त्री केपी शर्मा ओलीले नवलपुर जिल्लाको सदरमुकाम शिलान्यास गरेका छन्। शनिबार कावासोतीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले संविधानमा यस क्षेत्रलाई जिल्ला कायम गर्न आफूले धेरै मेहनत गर्नु परेको बताए। "यस क्षेत्रलाई जिल्लाको रूपमा स्थापित गराउन र यसलाई प्रदेश नं ४ मा राखेर भारतसँग सिमाना जोडाउन मैले धेरै जना नेताहरूलाई सम्झाउनु पर्‍यो" प्रधानमन्त्री ओलीले भने "अब यो नयाँ जिल्लाले आफूलाई देशकै नमुना जिल्लाको रूपमा पहिचान बनाउनु पर्दछ।" प्रधानमन्त्री ओलीले आगामी तीन वर्षभित्र हरेक घरमा बिजुली पुर्‍याइने बताएका छन्। "केही वर्षभित्र दाउन्नेका पहाडमा सुरूंग मार्ग बनाउँछौं" प्रधानमन्त्री ओलीले भने "धौबादीमा रहेको फलाम खानीको उत्खनन् सुरू गर्छौं र हजारौंलाई रोजगारी पनि दिन्छौं।"

### जयन्ती उत्साहका साथ मनाउनुपर्ने

जनकपुरधाम। प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले हनुमान जयन्ती उत्साह र भव्यताका साथ मनाउनुपर्ने धारणा व्यक्त गरेका छन्। हनुमान जयन्तीको अवसर पारेर गौ सँरक्षण मञ्च नेपालले जनकपुरधाममा आयोजना गरेको एक कार्यक्रममा प्रदेश प्रमुख कायस्थले सो कुरा बताएका हुन्। राम नवमी, जानकी नवमी एवं बिवाहपञ्चमी जस्ता पर्वहरूलाई भव्यता र उत्साहका साथ मनाएझैं हनुमानको जन्मोत्सवलाई पनि भव्यताका साथ मनाउनुपर्नेमा प्रमुख कायस्थले जोड दिएका हुन्। उनले श्रीराम र हनुमानको लिला समाजलाई चरित्रवान बनाउन तथा कुशल समाजको निर्माणमा योगदान पुर्‍याएको बताए। कार्यक्रममा गौ सँरक्षण मञ्च नेपालद्वारा केही दिन अगाडी जनकपुरधाममा व्यक्तित्व क्षमता विकास सम्बन्धि तालिम लिएका प्रशिक्षार्थीहरूलाई प्रशँसा पत्र समेत वितरण गरिएको थियो। गौ सँरक्षण मञ्च नेपालको अध्यक्ष जगदिश महासेठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राम मन्दिरका महन्थ राम गिरी, चन्दन कौशिक, अशोक जैन, किशोरी साह, सबिता झा, सन्तोष साह, युगल किशोर निधि सहितको उपस्थिती रहेको थियो।

### भारतीय सवारी दर्ता गराउन १५ दिने म्याद

रौतहट। जिल्ला प्रहरी कार्यालय रौतहटले भारतीय सीमाक्षेत्रमा प्रयोग हुने भारतीय नम्बरका सवारी साधनको अभिलेख दर्ता गराउन समय निर्धारण गरेको छ। आपराधिक घटना तथा सवारी दुर्घटनामा भैरहेको मानवीय क्षति न्यूनीकरण गर्ने उद्देश्यले भारतीय नम्बरको सवारी साधनको दर्ता गराउने कार्य शुरू गरेको हो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक नविन कार्कीले आपराधिक घटना गर्ने गराउने तथा सडक दुर्घटनामा सबैभन्दा बढी भारतीय नम्बर प्लेटको सवारी साधन प्रयोग भएको देख्दा अभिलेख तयार गर्न लागिएको बताएका छन्। बैशख ९ गतेदेखि २३ गतेसम्म भारतीय नम्बरको सवारी साधन मोटरसाइकल, जीप, कार, टेम्पू नजिकको प्रहरी कार्यालयमा गएर दर्ता गराउन समय तोकेक हो। प्रयोग गर्नेले सवारी साधनको कागजात, परिचय खुलने कागज, प्रयोगकर्ताको पासपोर्ट साइजको फोटो र सम्पर्क नम्बर सहितको विवरण साथ नजिकको प्रहरी कार्यालयमा गई दर्ता गराउनु पर्नेछन्। प्रहरी कार्यालयमा अभिलेख भएमा घटना दुर्घटना हुँदा पक्राउ गर्ने सहज हुने छन्।

### राज्यमन्त्रीले गराइदिए दलितका छोरीको विहे

सिरहा। प्रदेश नं. २ का उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले एक दलितका छोरीको विहेको सम्पूर्ण खर्च व्यहोरेका छन्। उनले विवाहको खर्च व्यहोर्नुका साथै अभिभावकसरह वैवाहिक कार्यमा आफै लागेका थिए। सिरहा कल्याणपुर नगरपालिका वडा नं. ३ प्रसाही स्थित एक दलितको छोरीको विहेको सम्पुर्ण खर्च मण्डलले व्यहोरेका छन्। उनले वरबधुलाई आशिर्वाद समेत दिएका छन्। राज्यमन्त्री मण्डलले आफ्नै निर्वाचन क्षेत्रमा रहेका कुशे मलिक (डुम) को छोरी राधा मलिकको विवाहमा सहभागितासँगै सम्पूर्ण खर्च व्यहोरेका हुन्। आर्थिक अवस्था दयनिय रहेका कुशे मलिकले छोरीको विहेको जानकारी गराएपछि राज्यमन्त्री मण्डल विहेमा जन्तीको स्वगतको लागि गएका थिए।

### फोरम नेपाल देश चलाउने पार्टी : यादव

दिलिप कुमार यादव, कपिलवस्तु। संघीय समाजवादी फोरम नेपाल यो देश नै चलाउने पार्टीको रूपमा स्थापित भएको फोरम नेपालको केन्द्रीय सदस्य तथा प्रदेश नं. ५ को संसदीय दलका नेता सहसराम यादवले बताएका छन्। उनले पार्टी नयाँ विचार र सिद्धान्त बोकेर संसारभर चम्कदै गएको बताए। फोरम नेपाल कपिलवस्तु नगरपालिकाको प्रथम नगर अधिवेशनमा बोल्ने नेताहरूले अबको आन्दोलनको नेतृत्व फोरमले गर्ने बताए। उनीहरूले आगामी दिनमा फोरम विनाको सरकार बन्न नसक्ने दावी गरे। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा प्रदेश नं. ५ को संसदीय दलका नेता सहसराम यादवले पार्टीको सबै तहतपकका नेता तथा कार्यकर्ताहरू ईमन्दारीपुर्वक निर्वाह गर्नु पर्ने जोड दिए। आगामी निर्वाचनमा फोरमले कपिलवस्तु नगरपालिका सहित कपिलवस्तुका सबै स्थानीय तहमा जित्नुपर्ने बताएका छन्। यसै बीच संघीय समाजवादी फोरम नेपाल कपिलवस्तु नगरपालिकाको प्रथम अधिवेशनले जुबेर अहमद खानको अध्यक्षतामा २७ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित गरेको छ।

### विधेयकको सांसद यादवद्वारा स्वागत

विराटनग। प्रदेश १ सरकारले ल्याएको बृहत बिराट क्षेत्र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको संघीय समाजवादी फोरम नेपालका सांसद जयराम यादवले स्वागत गरेका छन्। फोरमका संसदीय दलका नेतासमेत रहेका यादवले बृहत विराट क्षेत्र विकाससंग जोडेर विराटनगरमा राजधानी राख्ने उदेश्यले यो विधेयक सरकारले ल्याएको भन्दै विधेयकको स्वागत गरेका हुन्। यता, सरकारले ल्याएको विधेयकप्रति सत्ता पक्षका केही सांसदहरूले स्वागत गरे पनि अधिकांशले सरकारले विधेयक हतारमा ल्याएको भन्दै सरकारको नियतमाथि शंका रहेको बताए। प्रदेश सभाको सोमबार बसेको प्रदेशसभा बैठकमा विधेयकमाथिको छलफलमा भाग लिदै सत्तापक्षका सांसद बलबहादुर सम्सुहाङले प्राचिन बिराट राज्यलाई समेट्ने गरी विकास गर्ने उद्देश्यले विधेयक ल्याइएको भए त्यो सामान्तबादको अवषेशलाई ब्युताउन खोजिएको बताए। प्रतिपक्ष नेपाली कांग्रेसका सचेतक सुर्यामराज राईले सरकारले ल्याएको यो विधेयक हेर्दा साचिकै अब भने नेकपाको दुई तिहाईको सरकारप्रति भर पर्ने अबस्था अन्त्य भएको बताए।

### एकीकृत नमुना बस्ती शिलान्यास

रौतहट। वर्षौंदेखि घरबारविहीन डुम परिवारका लागि एकीकृत नमुना बस्तीको निर्माणको शिलान्यास गरिएको छ। दुर्गा भगवती गाउँपालिका वडा नं. २ भलोहियामा गाउँभन्दा बाहिर सडकको पेटीमा फुसको छाप्रो बनाएर जीवन गुजारा गर्दै आएका डुम परिवारका लागि कैलाश पोखरीको छेउमा रहेको तीन कठा जग्गामा एकीकृत नमुना बस्ती बनाउन गाउँपालिकाका अध्यक्ष अरूणकुमार साहले सिलान्यास गरेका छन्। डुम समुदायको छ परिवारलाई बसोबास गराउन गाउँपालिकाको ३६ लाख रूपैंयाको लागतमा दुई सुत्ने कोठा, एक किचेन, एक हल र शौचालयसहितको पक्की घर निर्माण हुनेछ।

### बालविवाहमुक्त क्षेत्र घोषित

विराटनगर। बालविवाह नियन्त्रणको प्रयास सफल बन्दै गएपछि मोरङको ग्रामथान गाउँपालिका २ स्थित झोराहटलाई बालविवाहमुक्त क्षेत्र घोषणा गरिएको छ। बालविवाहको प्रचलन अत्याधिक रहेको उक्त क्षेत्रमा विगत डेढ वर्षदेखि स्थानीय बाल समूहमार्फत बाल विवाह नियन्त्रण अभियान सञ्चालन गरिएको थियो। वि.सं. २०७४को एक तथ्याङ्कअनुसार उक्त क्षेत्रमा भएका विवाहमध्ये ३३ प्रतिशत बालविवाह रहेका थिए। त्यसयतासञ्चालित बालविवाहविरूद्धको सचेतना अभियान्के सो सङ्ख्या दुई प्रतिशतमा झरेको छ।

### "विकासका लागि बजेट आवश्यक"

कैलाली। पूर्वअर्थमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का स्थायी समिति सदस्य सुरेन्द्र पाण्डेले सुदूरपशिचमको विकासका लागि यथेष्ट बजेट आवश्यक भएको बताएका छन्। उनले सुदूरपश्चिमको विकासलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै प्रदेशका दुई ठुला लोकमार्गमा आगामी आर्थिक वर्षमा यथेष्ट विनियोजन हुने दाबी गरेका छन्। प्रतिनिधिसभाको अर्थ समितिले सोमबार धनगढीमा आयोजनागरेको पूर्वबजेट छलफल कार्यक्रममा सहभागी हुन पुगेका पूर्वअर्थमन्त्री पाण्डेले सो कुरा बताएका हुन्। धनगढी-दिपायल द्रुत मार्ग र बर्दगोरिया लोकमार्गमा आउँदो वर्ष यथेष्ट बजेट विनियोजन गरिने उनले बताए।

# 'अरूमाथि दोष थुपार्नुभन्दा आफैं सक्षम बन्नुपर्छ'



वीरगन्ज । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मुलुकमा प्रतिनिधित्व गर्नका लागि आफैलाई सक्षम बनाउनुपर्ने बताएका छन् । मरकजी जमियते अहले हदीस नेपालद्वारा वीरगन्जको बहुअरीमा शुक्रबारदेखि आयोजित तीनदिने मानवता संरक्षण अन्तर्राष्ट्रिय सम्मेलन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मुख्यमन्त्री राउतले अरूलाई दोष थुपार्नुभन्दा पनि आफूले आफैलाई सक्षम बनाउनुपर्ने बताए ।

मुलुकमा मुस्लिम समुदायको प्रतिनिधित्व छैन, ठूला ठुला पदमा मुस्लिम समुदायको व्यक्तित्व छैन भन्नु भन्दा पनि आआफ्नो बाबालिकाहरूलाई सानैदेखि विद्यालय पठाई सक्षम बनाउनुपर्ने बताए ।

उनले हाम्रो समुदायमा एउटा नराम्रो बानी छ, सानैदेखि बालबालिकाहरूलाई मदर्शामा पठाउने, अलि ठूलो भयो कि त्यसलाई काममा लगाईदिने, वैदेशिक रोजगारमा पठाउने अनि मुलुकमा मुस्लिम समुदायको प्रतिनिधित्व भएन भनेर अरूलाई दोष थुपार्नु भन्दा बालबालिकाहरूलाई सानैदेखि शिक्षा प्रदान गरि मुलुकमा प्रतिनिधित्व गर्न सक्ने क्षमतावान बनाउनुपर्ने बताए ।

क्षमता भयो भने सफलता हातमा हुन्छ, जुनसुकै स्थानमा पनि प्रतिनिधित्व गर्न सकिन्छ भन्दै मुख्यमन्त्री गद्दीले मुस्लिम समुदायका बालबालिकाहरूलाई प्रदेश सरकारले प्रत्येक जिल्लामा स्थापना गर्न लागेको मदर्शा स्कुलमा उर्दु लगायत नेपाली, अँग्रेजी, विज्ञान, गणित सम्पूर्ण विषयको पढाई हुने बताए ।

मदरसामा हुने गरेको उर्दु भाषाको पढाई मुलुकमा खासै प्रयोग नहुने गरेको कारण पनि मदरसामा पढेका बालबालिकाहरूलाईको भविष्य उज्जवल नहुने गरेकोले अबको दिनमा मदरसामा पनि उर्दुको साथसाथै मुलुकलाई चाहिने सम्पूर्ण भाषाको पढाई हुनेगरि वातावरण तयार गर्न प्रदेश सरकार लागि परेको बताए ।

मरकजी जमियते अहले हदीस नेपालका अध्यक्ष मौलाना हारून सल्फीको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा राष्ट्रिय मुस्लिम आयोगका अध्यक्ष समिम अन्सारी, सहअध्यक्ष जमीयतुल ओलना, मुस्लिम फोरम नेपालका अध्यक्ष मौलाना नुरूल होदा, संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष एवं सासद प्रदीप यादव, सांसद विमल प्रसाद श्रीवास्तव, शेख चाँदतारा, नेता हरिनारायण रौनियाहर, प्रदेशसभा सदस्य जन्नत अंसारी, मन्जुर अंसारी, करीना बेगम, प्रहलाद गिरी, सिंहासन साह कलवार, मुस्लिम वल्ड लिगका शेख शाद साउद अल्लहारसी, भारतबाट मौलाना खुर्सिद अहमद मदनी, बंगलादेशबाट प्रो. सहादुल ईस्लाम, श्रीलंकाबाट महम्मद मुम्ताज, युकेबाट जफरूल हसन, नेपाल रेडक्रस सोसाईटी प्रदेश नं. २ का अध्यक्ष फुलमहम्मद अंसारी, वीरगंज महानगरपालिकाका मेयर बिजय कुमार सरावगी, उपमेयर शान्ति कार्की, जिल्ला समन्वय समितिका सभापति नेकमहम्मद अंसारी, मुस्लिम समुदायका डा. कमरूल होदा अंसारी, नेपाल मुस्लिम रिलिफ सोसाईटीकाका अध्यक्ष अब्दुल खैर अंसारी, जाहेरूदीन अंसारी, जहुर आलम अंसारी लगायतकाले आआफ्नो शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

तीन दिनसम्म चल्ने उक्त सम्मेलनलाई प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेकोमा उनी उपस्थित नभएपछि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीलाई प्रमुख अतिथि बनाइएको थियो ।

उदघाटन समारोहमा आजको जुमा नमाज़ कार्यकम स्थलमा अरब देशका डाक्टर मुबारक नासिरले पढाएका थिए । जुमा नामजमा हजारौंको सहभागीता रहेको थियो । सम्मेलनमा मौलाना अज़ीज़ तुर्बत मदनी तीन दिनको कार्यक्रमको देस बिदेस का विद्धवानहरूको प्रवचन कार्यकम बारे प्रस्तुति गरेका थिए ।

नेपाल मुस्लिम रिलिफ सोसाईटीका सचिव शम्सेद अख्तरले संचालन गर्नु भएको कार्यक्रममा नेपालका ७७ वटा तथा विभिन्न देशका गरी हजारौंको सहभागीता रहेको थियो ।

## जनावरलाई खानेपानीको समस्या

नेपालगन्ज । बाघ संरक्षणका लागि बनाइएको देशकै कान्छो बाँके राष्ट्रिय निकुन्जका जनावरलाई खानेपानीको समस्या हुन थालेको छ । विगतका वर्षहरूभैँ यस वर्ष पनि गर्मीका कारण निकुन्जभित्रका अधिकांश पानीको स्रोत सुक्न थालेको हो । निकुन्जका जनावरलाई खानेपानिको ठूलो समस्या भएको निकुन्जले जनाएको छ । उक्त राष्ट्रिय निकुन्जमा बाघको सङ्ख्या २१ नघिसकेको छ ।

## आगलागीबाट धनमाल नष्ट

कैलाली । गोदावरी नगरपालिका-८ जमुना भाडी बस्ने कृष्ण सिंह सुताराको कच्ची भान्छा घरमा सोमबार बिहान विद्युत तार सर्ट भई आगलागी हुँदा करिब ४ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयबासीको सहयोगमा आगो नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## खाद्य उद्योग बन्द

नेपालगन्ज । बाँकेमा ठूला उद्योग खुल्ने क्रम बढे पनि धैरै वर्षदेखि सञ्चालनमा रहेका यहाँका अधिकांश खाद्य तथा वनस्पति उद्योग बन्द हुँदै गएका छन्। बाँके, बर्दिया धान उत्पादनमा देशकै अग्रणी जिल्लाका रूपमा परिचित भए पनि कुनै बेला यस क्षेत्रकै सबैभन्दा ठूला मानिने महाकाली राइस मिल, गणेश हिमाल राइस मिल र टन्डन राइस मिलजस्ता आधा दर्जन ठूला खाद्य उद्योग बन्द भएको व्यवसायीले बताएका छन्।

## संक्षिप्त समाचार

### प्रदेश सांसदहरूको गुनासो

रूपन्देही । प्रदेश ५ का पदेशसभा सदस्यहरूले सरकारले सञ्चालन गरेका विकास आयोजनामा भइरहेको निर्माणको ढिलाइप्रति असन्तुष्टि जनाएका छन् । प्रदेशका विभिन्न मन्त्रालयद्वारा सञ्चालित विकास योजनाको काम सुस्त गतिमा हुँदा समस्या भएको गुनासो सांसदहरूले गरेका छन् । विकास योजनाहरूको काम गराइको गति यस्तै रहेमा आफ्नो क्षेत्रमा परेका विकास योजनाहरू समयमै सम्पन्न हुन नसक्ने अवस्था आउने बताएका छन् ।

### तीन सय परिवारलाई लताकपडा वितरण

वीरगंज । गत चैत १७ गते आएको विनाशकारी हावाहुरीबाट प्रभावित फेटा गाउँपालिका वडा नम्बर ३ र ६ को पुरैनिया, फुलवरीया लगायतका स्थानमा प्रभावित परिवारलाई अहमदिया संघ नेपालले राहत वितरण गरेको छ । संघले पुरैनिया, भरवलीया टोलमै पुगेर प्रभावित ३ सय परिवारलाई कुर्ता, सलवार, शौल लगायतका कपडाहरू वितरण गरेको छ । हावाहुरीबाट प्रभावित मोबारक अंसारी, मोजामिल मियां, इजहार मिया, रियाजुल अंसारी, नुरूल होदा अंसारी, इन्ताज अंसारी, खैराती मिया, जैनोदिन मिया ठकुराई, मिरूल होदा अंसारी, फजिल मियां, फैमाज हवारी, सकुर हवारी, रिजवान अंसारी, किरानी मिया लगायतका परिवारलाई वडा कार्यालयबाट बनाएको कार्डको आधारमा कपडा वितरण गरिएको हो ।

### ३ दिनमा ३ वडा पूर्ण साक्षर

कपिलवस्तु । कपिलवस्तु नगरपालिका वडा नं. २ पूर्ण भर्ना तथा पूर्ण साक्षरसंगै खुल्ला दिशामुक्त घोषण भएको छ । वडा नं. २ को सबै जना साधारण लेखपढ गर्न जानेपछि पूर्ण साक्षर तथा सबै स्कुल उमेरका बालबालिकाहरू विद्यालय भर्ना भएपछि एक कार्यक्रमका बिच वडा अध्यक्ष रामभजन कलवारले घोषण गरेका छन् । प्रदेश नं. ५ मा कपिलवस्तु र बाँके बाहेक सबै जिल्ला पूर्ण साक्षर जिल्ला घोषणा भइसकेकोले कपिलवस्तु नगरपालिकाले पनि पूर्ण भर्ना तथा साक्षर कार्यक्रमलाई विशेष महात्वका साथ अभियानको रूपमा अघि बढाउदै लगेको छ। सोही अवसरमा वडा नं. ३ लाई खुल्ला दिशामुक्त वडा पनि घोषण भएको छ ।

### ओमसतिया गापाको कार्यक्रम प्रभावकारी

रूपन्देही । रूपन्देहीको ओमसतियार गाउँपालिकाले सुरू गरेको बालिका बीमा कार्यक्रम प्रभावकारी देखिएको छ । गर्भमै भ्रुण हत्या गर्ने क्रम बढेपछि ओमसतिया गाउँपालिकाले बालिका बीमा कार्यक्रम सञ्चालनमा ल्याएको हो । गर्भमा रहेको बच्चा छोरा भए राख्ने र छोरी भए फाल्ने प्रवृत्ति बढ्दै गएपछि ओमसतिया गाउँपालिकाले बालिका बीमा कार्यक्रम अनुसार गाउँपालिकाभित्रको कुनै महिलाले छोरी जन्माएमा छोरीको नाममा बैङ्कमा २० हजार रूपियाँ जम्मा गरिदिनुका साथै बालिकाको बीमा समेत गाउँपालिकाले नै गर्ने गरेको छ ।

### करेन्ट लागेर मृत्यु

रूपन्देही । तिलोत्तमा नगरपालिका-२ बस्ने ३० वर्षीया सुमित्रा हमाल ठकुरीको करेन्ट लागेर आइतबार बिहान मृत्यु भएको छ । आफ्नै बन्दै गरेको घरमा पानी तान्ने मोटर चलाई पानी लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको क्रिमसन अस्पताल मणिग्राम रूपन्देहीमा उपचारको क्रममा मृत्यु भएको हो ।

### आगलागीबाट ५० लाखको क्षति

मोरङ । बेलबारी नगरपालिका ९ सिरपुरस्थित कृष्ण प्रसाद भट्टराईको काठको घर र ग्वालीमा आगलागी हुँदा ५० लाखको क्षति भएको छ । आइतबार बिहान आगलागी हुँदा घर, घरभित्र रहेको अन्नपात, लत्ताकपडा लगायत अन्य जिन्सीका सामानहरू समेत जलेर करिब ५० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ ।

### कटुवा पेस्तोल र गोली बरामद

रौतहट । पर्रोहवा नगरपालिका ८ नेपाल(भारत सीमा नजिकबाट कटुवा पेस्तोल१ थानर सोको गोली १ थान बुधबार बिहान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय र अस्थाई प्रहरी पोष्ट मोतीपुरनरकटियाबाट संयुक्त रूपमा खटिएको प्रहरीले चेकिङ गर्ने क्रममा प्रहरीटोलीलाई देख्नासाथ अपरिचित २ जना व्यक्तिहरूगम्छा छोडी भागेकोले गम्छाभित्रउक्त कटुवा पेस्तोलर सोको गोली फेला पारी बरामद गरेको हो । फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### गाउँपालिका अध्यक्ष चौधरीको निधन

महोत्तरी । पिपरा गाउँपालिका अध्यक्ष विनोद चौधरीको निधन भएको छ । राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट निर्वाचित अध्यक्ष चौधरी केही समयदेखि विरामी थिए । उनी मधुमेह, थाइराइडलगायतका समस्याका कारण काठमाडौंको मेडिसिटी अस्पतालमा उपचाररत थिए । उनको आइतबार निधन भएको हो ।

### एकैपटक तीन छोरी र एक छोराको जन्म

वीरगन्ज । एक महिलाले एकै पटक तीन छोरी र एक छोराको जन्म दिएकी छन् । पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका-४ जयमंगलापुरकी नाजमा खातुनले मंगलबार एकै पटक चार सन्तानको जन्म दिएकी हुन् । वीरगन्ज हेल्थ केयर हस्पिटलमा नाजमाले तीन छोरी र एक छोरा जन्माएकी हुन् । ७ महिनामै जन्मिएका ४ मध्ये २ को अवस्था गम्भीर रहेको जनाइएको छ ।

### धनगढी-खुटिया सडक निर्माण हुने

कैलाली । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले धनगढी-खुटिया सडक चालू आर्थिक वर्षमै निर्माण गर्न निर्देशन दिएका हुन् । पूर्वपश्चिम राजमार्ग जोड्ने १० किलोमिटर लामो सो सडक निर्माण हुने सम्भावना बढेको हो । भन्डै १० वर्षअघि ओटासिल प्रविधिबाट निर्माण भएको सो सडक केही दिनमै भत्किएपछि फेरि कालोपत्रे गर्न पटकपटक आन्दोलन गर्दै आएका छन् ।


नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

रेल विभाग

विशालनगर, काठमाडौं

रेल विभागबारे महत्वपूर्ण जानकारी

परिकल्पना

रेल्वे क्षेत्रको समग्र लक्ष्य भनेको सुरक्षित, भरपर्दो एवं ल्याकत अनुसार सार्वजनिक रेल सेवाको निर्माण र विस्तार अन्तराष्ट्रिय जगत सम्म गरी संचालन र व्यवस्थापन समय सापेक्ष एवं समुचितढंगमा गरी सेवालाई विश्वस्तरीय बनाई देशको सामाजिक, आर्थिक विकास समग्रतामा वृघि गर्नु हो । उपरोक्त परिकल्पनालाई कम खर्च मा एवं सक्षमताका साथ रेल्वे सेवाको पूर्वाधार विकास, विस्तार एवं व्यवस्थापन सहित हासिल गर्नु पर्दछ ।

१. देशको समग्र (सामाजिक-आर्थिक) विकासमा वृहत्तर पहुँच र वृघि सहितको दीगो विकासका लागि रेल सेवाको उचित व्यवस्थापन नै रेल्वे क्षेत्रको परिकल्पना हो ।
२. रेल्वे संजाललाई निर्माण, विस्तार एवं व्यवस्थापन गर्दै क्रमश स अगाडी बढ्नु एवं दीगो र सक्षम सेवा प्रदान गर्नु, पूर्व पश्चिम एवं महत्वपूर्ण औद्योगिक, व्यापारिक, पर्यटकीय शहरहरूलाई रेलको राष्ट्रिय संजालमा आवद्य गराउनु एवं भारत र चीन (तिब्बत) समेतका संभाव्य नाकावाट रेल सेवाले जोडी अन्तराष्ट्रिय व्यापार लगायत कृषि, पर्यटन, जलश्रोत, उद्योग, व्यापार र पराकृतिक श्रोत विकासका क्षेत्रमा रेल सेवाले सुविधा पुर्याउनु एवं सेवामा वृद्धि गर्नु रेल संजालसंग विकासको परिकल्पना हो ।
३. सस्तो, भरपर्दो, सुरक्षित, सक्षम रेल सेवाको माध्यमवाट मानिसहरूको यात्रा एवं मालसामानहरूको ढुवानी गरी मानिसहरूको दैनिक एवं जीवनस्तरमा सुधार ल्याउन योगदान गर्नु रेल सेवाको विकास एवं विस्तारको ध्ये य हो ।

रेल क्षेत्रका उद्धेश्यहरु :

१. प्रभावकारी एवं सक्षम तवरमा रेल संजालको विकास, विस्तार र व्यवस्थापन गर्ने ।
२. सामाजिक, आर्थिक र प्रशासनिक सम्बन्धलाई सुदृढ र सक्षम बनाउन महत्वपूर्ण व्यापारिक,औद्योगिक, धार्मिक, पर्यटकीय क्षेत्रहरू एवं राजधानीलाई छिमेकी मुलुक उत्तर र दक्षिणका सम्भाव्य स्थानहरू समेतलाई रेल सेवाले जोड्ने ।
३. सुरक्षित, भरपर्दो, विश्वसनीय एवं न्यूनतम भाडा दररेटमा सर्वसाधारणलाई रेल सेवा उपलब्ध गराउने । साथै माल सामान ढुवानी किफायती र भरपर्दो बनाउने ।
४. अन्य पूर्वाधार विकासलाई सहयोग गर्न एवं सुविधामुलक सेवाहरूको प्रभावकारी ओसार
५. पसारलाई सहज बनाउन तथा आर्थिक वृद्धिलाई सुदृढ गर्न रेल संचालनको विकास तथा विस्तार गर्ने ।
६. रेल संजाल निर्माण, विस्तार, संचालन, व्यवस्थापन गर्न निजि संस्थाहरूको सहभागिता जुटाउने, प्रोत्साहन गर्ने ।
७. अन्तराष्ट्रिय रेल संजाल सँग आवद्य गर्ने र अन्तराष्ट्रिय बजाररव्यापार प्रवर्धन गर्ने ।

रेल्वे सेवाको दिर्घकालिन २० वर्षे सोच

- पूर्व पश्चिम(मेची-महाकाली), काठमाण्डौ-पोखरा-तराई, काठमाण्डौ-तराई, लगायतका दक्षिण सीमा (भारतीय बोर्ड र) बाट महत्वपूर्ण औद्योगिक, व्यापारिक शहरहरू एवं उत्तर सिमा (चीन-तीब्बत) बाट राजधानी काठमाण्डौलाई रेल सेवावाट जोड्ने । साथै औद्योगिक, व्यापारिक सहरहरूको रेल संजाललाई पूर्व पश्चिम एवं काठमाण्डौ तराईको रेल संजाल सँग आवद्ध गर्ने ।
- प्रादेशिक प्रशासनिक केन्दहरूलाई पूर्व पश्चिम एवं काठमाण्डौ तराई रेल संजाल संग आवद्ध गर्ने ।
- आगामि २० वर्ष भित्र ४००० कि.मि. रेल संजाल निर्माण गर्ने । सो लक्ष्यलाई पूरा गर्न आगामी १० वर्ष भित्र १५०० कि.मि. र आगामी ५ वर्ष भित्र ७५० कि.मि. रेल संजाल निर्माण गर्ने ।
- प्राथमिकता लगानी योजना (२० र १० वर्ष) तयारी गर्ने ।
- रेल्वे सेवालाई विश्वस्तरीय बनाउने ।



२०७५ साल भदौ १ गतेदेखि लागू भएको
अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:

- अपराध पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिने, मुद्दा फैसला नहुदै अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने तथा सामाजिक न्याय सहितको पुनर्स्थापनाको हक हुने,
- बालबालिकालाई कसुर गर्न लगाएमा कसूर गर्न लगाउने व्यक्तिलाई सजाय हुने,
- कसूरदारले अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयामा सघाउ पुर्याएमा पचास प्रतिशतसम्म सजाय छुट हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विकासमा रौतहट अघि बढिसकेको छ : सांसद झा

**राकेश यादव**

रौतहट । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य एवं प्रतिनिधिसभा सदस्य अनिल कुमार झाले पूर्वाधार विकासतर्फ रौतहट अघि बढिसकेको बताएका छन् ।

रौतहटको गौर नगरपालिका वडा नंबर २ महादेवपट्टीमा शुक्रबार मानव सेवा केन्द्रअन्तर्गत बृद्धा आश्रमको भवन निर्माणको शिलान्यास कार्यक्रमको सम्बोधन गर्दै पूर्वमन्त्री झाले सामाजिक, आर्थिक विकास गर्नु पर्नेमा जोड दिए ।

सांसद झाले पूर्वमन्त्री एवं नेकपाका रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साहप्रति व्यंगात्मक रूपमा कटाक्ष गर्दै ग्यास सिलिन्डर वितरण गरेर विकास नहुने टिप्पणी गरे ।

प्रदेश सरकारले उपलब्ध गराएको ५० लाख रूपैयाँको लागतमा निर्माण हुन लागेको भवनको सांसद झा र भौतिक पूर्वाधार तथा यातायात विकास राज्यमन्त्री डाक्टर डिम्पल कुमारी झा संयुक्त रूपमा शिलान्यास गरेका छन् ।



*गौर नपा-२ महादेवपट्टीमा वृद्धाश्रम भवन शिलान्यास कार्यक्रममा सांसद अनिल झा (दायाँ) र राज्यमन्त्री डा.डिम्पल झा ।*

कार्यक्रममा गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले बृद्ध आश्रम निर्माणका लागि नगरपालिकाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । मानवको सेवा पुण्य कार्य भएको बताउँदै मेयर गुप्ताले व्यक्तिगत रूपमा ५१ हजार नगद सहयोग दिने घोषणा गरेका छन् ।

यमुनामाई गाउँपालिकाका अध्यक्ष श्रीप्रकाश मुखिया मानव सेवा केन्द्रको स्थापना सराहनीय र उत्तम कार्य भएको टिप्पणी गरे ।

संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य रेवन्त झा, राजपाका सहमहासचिव अनिल कुमार सिंह, उद्योग वाणिज्य संघको पूर्वअध्यक्ष देवप्रयाग गुप्ता लगायतले आआफ्नो धारणा राखेका थिए ।

मानव सेवा केन्द्रको भवनको दोस्रो पटक शिलान्यास गरिएको छ । पहिलो पटक वडा नम्बर १ स्थित रानी सती मन्दिरको जग्गामा शिलान्यास भई जग हाल्ने कार्य सम्पन्न भएको थियो ।

विना अनुमतिको बल जबर्दस्ती जग्गामा जग खडा गरेको भन्दै मन्दिरको महन्थले रौतहट जिल्ला अदालतमा मुद्दा गरेपछि अदालतले निर्माण कार्य नगर्न फैसला गरे पश्चात् लगानी गरिएको रकम खेर गरेको छ ।

दोस्रो पटक राम लक्ष्मण जानकी मन्दिरको ३ कट्ठा जग्गामा मानव सेवा केन्द्रको शिलान्यास गरिएको छ ।


नेपाल राष्ट्र बैंकको ६४औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रभावकारी मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयन मार्फत् कुशल र सुशासित वित्तीय प्रणालीको विकास एवम् समग्र वित्तीय स्थायित्व कायम गरी मुलुकले परिलक्षित गरेको समन्यायिक, समावेशी र दिगो आर्थिक विकासको लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सदा समर्पित रहने प्रण गर्दछौं ।

**नेपाल राष्ट्र बैंक**


## जङ्गी अड्डा उद्घाटन



काठमाडौं । २०७२ सालको विनाशकारी भुकम्पमा क्षतिग्रस्त भएको जङ्गी अड्डा भवनको पुनर्निर्माण सम्पन्न पश्चात राष्ट्रपति एवं नेपाली सेनाका परमाधिपति विद्यादेवी भण्डारीले एक विशेष समारोहका बीच नवनिर्मित सात तल्ला भवनको उद्घाटन गरेका छन् । नेपाल सरकारले नेपाली सेनाको संरचना अनुसार सुविधा उपलब्ध गराउने उद्देश्यले यस भवनको मिति २०७३ जेष्ठ २४ गतेबाट निर्माण कार्य सुरू भएको थियो ।

नवनिर्मत भवनमा क्यूविकलसहित ४३० कोठाहरू, विभिन्न प्रयोजनका घज्ञ सभाहलहरू रहेको यस भवनबाट नेपाली सेनाका कार्यालय, विभाग, महानिर्देशनालय र निर्देशनालयसहित ४७ वटा कार्यालयहरू सञ्चालनमा रहनेछन् । आवश्यकताअनुसार, छतमा हेलिकोप्टर समेत अवतरण गर्न मिल्ने गरी निर्माण गरिएको यस भवनका कार्यालयहरूमा एक हजार जनशक्ति कार्यरत रहने क्षमता रहेको छ । कार्यक्रमको सुरूमा प्रधानसेनापति पूर्णचन्द्र थापाले स्वागत मन्तव्य राखेका थिए भने उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीले आ-आफ्नो मन्तव्य राखेका थिए ।

स्थानीय सम्वाद

# उत्कृष्ट सेवा प्रवाह गरेका छौं



## वासुदेव घिमिरे
### मेयर, तिलोत्तमा नगरपालिका, रूपन्देही

**समुद्र सतहबाट १६० देखि १७५ मिटरको उचाईमा रहेको तिलोत्तमा नगरपालिकाको नामकरण पवित्र तथा प्राचीन नदी तिलोत्तमाबाट रहन गएको हो। पुराणप्रसिद्ध स्वर्गलोककी एक सुन्दरी अप्सरा तिलोत्तमाका नामबाट रहन गएको उक्त नदीले राणाकालको आरम्भसँगै स्थानीय थारू जमिन्दारको विशेष पहलमा सिंचाइको व्यापकता पाएको बुझिन्छ। यही तिलोत्तमा नदीबाट सिंचित भूमिलाई साविकका सात गाविस (आनन्दवन, शंकरनगर, करहिया, मक्रहर, मधवलिया, टिकुलीगढ र गंगोलिया) जोडेर यस नगरको नाम तिलोत्तमा राखिन गएको हो। वर्षामासमा पहाडी पाँगो बोकेर आउने तिलोत्तमा नदीले यस क्षेत्रलाई अन्न, तरकारी र फलफूलका लागि अत्यन्त उर्वर बनाएको छ।**

**○ तिलोत्तमा नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि के हो ?**

– हाम्रो नगरपालिका अत्यन्त सुन्दर रूपमा नामाकरण भएको छ। परापूर्वक कालदेखि नै यहाँ तिलोत्तमा भन्ने एउटा नदी थियो। यो नगरपालिका त्यही नदीको नामबाट नामाकरण भएको हो। स्वर्गको अप्सराको नामबाट तिलोत्तमा नाम रहन गएको भन्ने विश्वास पनि गरिन्छ। ७ वटा गाउँ विकास समितिहरू मिलेर यो नगरपालिकाको निर्माण भएको छ।

**○ तपाईहरू निर्वाचित भएको लगभग २ वर्ष हुन लाग्यो। अहिलेसम्म त्यहाँ के-कस्ता परिवर्तनहरू भए ?**

– मूलभूत रूपमा यहाँका नगरवासीले जनप्रतिनिधि पाएको महसुस गर्न थालेका छन् र फरक खालको अनुभूति गरेका छन्। विभिन्न विकास निर्माणका काम, सेवा प्रवाह अथवा सामाजिक सशक्तिकरण लगायतका कामहरू हामीद्धारा सम्पादन भएको छ। यसबाट आम नगरवासी प्रवाहित भएका हुन। तिलोत्तमा नगरपालिकामा जनताहरूलाई छिटो र सहज ढंगले सेवा प्रवाह गर्नका लागि वडा कार्यालयहरू व्यवस्थित बनाएका छौं र छिटो र सहज ढंगले सेवा दिँदै सूचना प्रविधिलाई अत्याधुनिक बनाउँदै सेवा प्रदान गर्नेतिर लागेका छौं। नेपालको इतिहासमा सबैभन्दा पहिलो पटक स्थानीय सरकारको तर्फबाट हामीलाई दिएको अधिकारको प्रयोग गरेर ऐनहरू निर्माण गर्ने आफ्नो कानुन आफैं निर्माण गर्ने श्रेय तिलोत्तमा नगरपालिकाले पाएको छ। यो गर्वको विषय हो।

नगरपालिकाको आफ्नो भवन थिएन। अहिले भवन निर्माण सुरू गरेका छौं। ६ वटा वडा कार्यालय निर्माण हुँदैछ। नगरपालिकाको अतिथि गृह र विभिन्न सामुदायिक कार्यक्रम गर्न सकिने खालको अत्याधुनिक सभाहल पनि निर्माण कार्य भइरहेको छ। त्यसैगरी अत्याधुनिक बहुउद्देश्यीय भ्यू टावर निर्माणको काम सुरू गरेका छौं। यस्ता निर्माणका कामहरूबाट पनि जनताहरू उत्साहित भएको हामीले पाएकाछौं। तिलोत्तमा नगरपालिकाले शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउनका लागि सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्नका लागि सामुदायिक विद्यालयमा अध्ययन गर्ने साना छात्रछात्राहरूलाई नगरपालिकाले आफ्नो बजेटबाट दिवा खाजाको व्यवस्था गर्ने विषयहरू, प्रत्येक विद्यालयमा इलेक्ट्रोनिक हाजिरी मेसिन राख्ने व्यवस्थाले सामुदायिक विद्यालयप्रति आम नगरवासीको चासो बढेको छ।

कृषि क्षेत्रको विकासको लागि पकेट क्षेत्र घोषणा गरेर गहुँ बालीका लागि विशेष अनुदान दिएका छौं। दुग्ध उत्पादक, पशुपालक किसानहरू र कृषि व्यवसायसँग सम्बन्धित महिलाहरूका लागि विभिन्न आकर्षणका कार्यक्रमहरू ल्याएका छौं। सुन्दर नगर निर्माण गर्नका लागि हरियाली र सरसफाई अभियानलाई महत्वका साथ अगाडि बढाएका छौं। हरितगृह नगर निर्माण गर्ने काममा पनि अगाडि बढेका छौं। सरसफाईसँग जोडिएको प्लाष्टिकको झोला निषेधित नगरपालिका घोषणा गर्नका लागि विभिन्न आधार तयार भइसकेको छ। अब आउने साउन १ गते तिलोत्तमा नगरपालिका प्लाष्टिकको झोला मुक्त भएको घोषणा गर्नेछौं।

**○ दुई दशक जनप्रतिनिधिविहीन भएको ठाउँमा आफू जनप्रतिनिधि भएर काम गर्दा कति अप्ठ्याराहरू आएको छ ?**

– हामीले नागरिकको आवश्यकता विपरितको कामहरू गरेको भए त्यहाँ समस्या उत्पन्न हुन्थ्यो तर हामीले कार्य सम्पादन गरेका विषयहरू, नीतिगत विषयमा पनि आम नगरवासीको सहयोग रहको छ। त्यसबाट हामीलाई कार्य सम्पादन गर्नका लागि, जनताको सेवा गर्नका लागि र पूर्वाधार विकासका लागि खासै समस्या भएको अनुभूति अहिलेसम्म भएको छैन।

**○ सिंहदरबार गाउँ गाउँ भन्ने नारा तपाईको नगरवासीले महसुस गरेका छन् ?**

– लामो समयदेखि जनप्रतिनिधिविहीन भएको अवस्था र अहिले जनप्रतिनिधि आएपछिको अवस्थालाई आकलंन गरेर हेर्दा जनताले नजिकबाट सेवा पाएका छन्। अन्य विभिन्न क्षेत्रमा पनि फरक अनुभूति गरेका छन्। हामीबाट सम्पादन भएको काम र त्यस समयमा नगरमा भएको परिवर्तनको हिसाबले छोटो समयमा नै उल्लेख्य उपलब्धी हासिल हुन सक्ने रहेछ भनेर नगरवासी खुसी भएका छन्। नारामा मात्र होइन, यहाँका नगरवासीले सिंहदरबार गाउँमा आएको अनुभूति गरेका छन् भन्ने मलाई लाग्छ।

**○ करबाट जनता पिडीत भए भन्ने गुनासो आएको थियो। तपाईको नगरपालिकामा करको अवस्था कस्तो छ ?**

– ऐच्छिक सम्पत्ति करको रूपमा नगरपालिकाले कर बढी लगाएर हामीलाई मार्का पर्ने हो कि भन्ने जनतामा आशंका नभएको होइन। कर वद्धि गर्नुभन्दा पनि करको दायरा वृद्धि गर्नेतिर हामी लाग्यौं। जसले गर्दा चालू आर्थिक वर्षमा नयाँ व्यवस्थाअनुसार करको दायरा तोकेका छौं जसले गर्दा स्वभाविक ढंगले तल्लोभन्दा तल्लो वर्गका जनताले पनि तिर्न सक्ने भएको छ र तल्लो तहका जनतालाई करमा विभिन्न छुटको व्यवस्था पनि गरेका छौं। अहिलेसम्म यहाँका जनताले करको विषयमा त्यस्तो असन्तुष्टि जनाएका छैनन्।

**○ तिलोत्तमा नगरपालिकामा पर्यटनका सम्भावना कति छ ?**

– पर्यटनका हिसाबले सम्भावना बोकेको नगरपालिका हो। पहाडबाट नजिकको नगरपालिकाको रूपमा रहेको छ । केही महिनापछि सेवा सुरू गर्ने तयारीमा रहेको गौतम बुद्ध विमानस्थलबाट पनि नजिकको दुरीमा रहेको र लुम्बिनीबाट पनि नजिक त्यसमा बुटवलबाट सुनौलीसम्मको सबैभन्दा बढी भाग तिलोत्तमा नगरपालिकाले ओगटेको छ। पश्चिमबाट ऐतिहासिक नदी तिलोत्तमा बगेको छ। यस्ता विभिन्न कारणले गर्दा यहाँ पर्यटनको प्रचुर सम्भावना रहेको छ।





# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

**स्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

राष्ट्रिय साप्ताहिक
मधेशवाणी



## विश्व परिवेश

# भारतमा तेस्रो चरणको मतदान सम्पन्न

भारतको तल्लो सदन लोकसभाका लागि तेस्रो चरणको मतदान सम्पन्न भएको छ। १४ राज्य र एउटा केन्द्र शासित राज्यका ११६ स्थानका लागि मंगलबार मतदान सम्पन्न भएको हो। तेस्रो चरणको चुनावमा १८ करोड ५६ लाख मतदाता मतदानका लागि योग्य थिए। चुनावले प्रधानमन्त्री नरेन्द्र मोदी, भारतीय जनता पार्टीका अध्यक्ष अमित शाह, भारतीय राष्ट्रिय कंग्रेसका अध्यक्ष राहुल गान्धीलगायत केन्द्रीय नेताको भाग्यको फैसला गर्नेछ।

त्यस्तै, समाजवादी पार्टीका नेता एवं पूर्वमुख्यमन्त्री मुलायमसिंह यादव, पार्टी नेता आजम खान र भाजपा नेतृ जया प्रदाको भाग्यको फैसला गर्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदी दोस्रो कार्यकालका लागि निर्वाचित हुन खोजिरहेका छन्। जारी निर्वाचनलाई मोदीका लागि जनमतसंग्रहका रूपमा हेरिएको छ।

जारी निर्वाचनमा धेरै भारतीय मतदाताको ध्यान दक्षिणी राज्य केरलाको एक क्षेत्रमा केन्द्रित छ। मुख्य विपक्षी दल कंग्रेस अध्यक्ष राहुल गान्धी पहिलोपटक केरलाको वायनाडबाट उम्मेदवार बनेका छन्। वायनाड कंग्रेसका लागि सुरक्षित मानिएको छ। सन् २००९ यता कंग्रेसले यो स्थानबाट दुईपटक विजय हासिल गरिसकेको छ। वायनाडबाहेक राहुल अर्को क्षेत्रबाट पनि प्रतिस्पर्धा गर्दै छन्।

केही सातापछि उनको परीक्षा उत्तर प्रदेशको अमेठीमा हुनेछ। राहुल उम्मेदवार बनेको अमेठीमा मे ६ मा मतदान हुँदैछ। अमेठी कंग्रेसको पुरानो पकड क्षेत्र हो। राहुलले सन् २००४ देखि अमेठीबाट जित्दै आएका छन्। त्यसअघि अमेठीबाट उनका आमा, बुबा र काकाले जितेका थिए।



*मतदानका लागि लाइनमा बसेका प्रधानमन्त्री नरेन्द्र मोदीसहित मतदाताहरू।*

प्रधानमन्त्री नरेन्द्र मोदी र उनकी ९० वर्षीया आमा हिराबेन मोदीले गुजरातको अहमदावादमा मतदान गरेका छन्। मोदीले अहमदावादको रनिप क्षेत्रको निसान उच्च माध्यमिक विद्यालयको मतदान केन्द्रमा मतदान गरे। मतदानपछि मोदीले सबै मतदातालाई आफ्नो मताधिकार प्रयोग गर्न आह्वान गरे। उनले आतंकवादीले प्रयोग गर्ने विस्फोटक पदार्थभन्दा मतदाताको मतदान परिचयपत्र बढी शक्तिशाली रहेको बताए। भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष अमित शाह पनि प्रधानमन्त्री मोदीसँगै मतदानस्थल पुगेका थिए। शाह गुजरातको गान्धीनगर निर्वाचन क्षेत्रबाट लोकसभा सदस्यमा उम्मेदवार छन्।

**तेस्रो चरणमा यी राज्यमा चुनाव**

मंगलबार गुजरात र केरला राज्यका सबै स्थानका लागि चुनाव भएको छ। गुजरातबाट २६ र केरलाबाट २० सांसदले लोकसभामा प्रतिनिधित्व गर्छन्। त्यस्तै असमका चार, विहारका पाँच, छत्तीसगढका ११, कर्नाटक र महाराष्ट्रका १४-१४, उडिसाका ६, उत्तर प्रदेशका १०, पश्चिम बंगालका पाँच, गोवाका दुई तथा त्रिपुराका १-१ स्थानमा चुनाव भएको छ। निर्वाचन आयोगले चुनावका लागि २ लाख १० हजार मतदान केन्द्रको व्यवस्था गरेको थियो।

**मे २३ मा मतगणना**

जारी निर्वाचनबाट भारतीय संसद्को तल्लो सदन लोकसभाका लागि प्रत्यक्ष रूपमा नयाँ सांसद चुनिनेछन्। लोकसभामा ५४३ सिट छन्, बहुमत ल्याउन २७२ स्थानमा जित्नुपर्छ। निर्वाचन आयोगका अनुसार अप्रिल ११ मा भएको पहिलो चरणको चुनावमा ६९.४३ प्रतिशत मतदान भएको थियो। सो चुनाव १८ राज्य तथा दुई केन्द्र शासित प्रदेशमा ९१ स्थानका लागि भएको थियो। यस्तै अप्रिल १८ मा सम्पन्न दोस्रो चरणको निर्वाचनमा ११ राज्य र एउटा केन्द्र शासित राज्यमा समेत ९५ स्थानका लागि मतदान भएको थियो। १९ मेमा सातौं चरणको चुनाव सम्पन्न भएपछि मे २३बाट मतगणना हुनेछ। *नयाँपत्रिकाबाट साभार*

# पाकिस्तानमा केटाकेटीहरूसम्बन्धी डरलाग्दो तथ्य

– मन्जूर अहमद

पाकिस्तानस्थित एक गैरसरकारी संगठन साहिलले हालै एक प्रतिवेदन मार्फत पाकिस्तानमा प्रतिदिन १० जना जति कलिलो केटाकेटीहरू साथ अनुचित रूपमा यौनव्यवहार गर्ने गरिएको समाचार सार्वजनिक गरेको छ। त्यस संस्थाले ८५ वटा समाचारपत्रहरूमा प्रकाशित लेखका आाधरमा सन् २०१८ मा यस्तो यौन दुर्व्यवहारको जम्मा संख्याा ३८३२ रहेको मध्ये ५५% केटीहरूसँग र ४५ केटाहरू रहेको समेत उल्लेख गरेकोलाई प्रख्यात अंग्रेजी दैनिक 'डान'ले आफ्नो सम्पादकीय मार्फत ज्यादै 'डरलाग्दो' उल्लेख गरेको छ।



पाकिस्तानमा केटाकेटीहरू साथ यौन दुर्व्यवहारको घटना एक खुलस्त रहस्य रहेको छ। बहुत कर्म पीडितहरूले आफ्ना आमाबुवाहरूसँग भन्ने गर्छन् र आमाबुवाहरू समेतले कानून लागू गर्ने निकायहरूबाट खप्नुपर्ने पीडा र परेशानीका कारण समेत चुप लाग्नु नै वेश ठान्दछन्। अधिसंख्यक गरीब हुने गरेका कारण कसैको सहयोग नपाउनुका साथै दोषी समेत उम्कने गरेकाले कर्म घटना प्रकाशमा आउने गरेको छ। प्राप्त ज्यादै दुःखदायी प्रतिवेदनप्रति प्रतिक्रिया व्यक्त गर्दै अँग्रेजी दैनिक 'द नेशन'ले आफ्नो सम्पादकीयमा यसरी उल्लेख गरेको छ -प्राप्त दस्तावेज अनुसार केटकेटीहरूप्रतिको दुर्भाग्यपूर्ण र दबाबमुलक तथा चुनौतीपूर्ण अवस्था बारे राष्ट्रले केही गरेको छैन। केटाकेटीहरू साथ हुने घोर दुर्व्यवहारप्रति समुदायले पनि केही नगर्ने हामी कस्ता रहेका छौं ? बच्चाहरूप्रतिको यौन दुर्व्यवहार एक गम्भीर मुद्दा हो जसले पिडितहरूको मनमस्तिष्कलाई नराम्ररी स्थायी रूपमा प्रभावित मात्र गर्दैन कि केटा केटीहरूको शारीरिक पिडा र घाउ समेतमा मानसिक क्षति पुर्‍याउँछ। सम्पादकीयमा अगाडि बाल दूवईवहार जस्तो अपराधलाई समाजले अवरोध ठान्नु 'दूर्भाग्यपूर्ण र ज्यादै दुःखद' समेत बताइएको छ। आमा-बुवा र परिवारका ठूला बडाहरू समेतले आ-आफ्ना केटाकेटीहरूलाई त्यस्तो दूर्व्यवहारका सम्बन्धमा न त शिक्षा दिने गरेका न त त्यस्ता दूर्व्यवहार तथा अपराधहरू परिवाभित्र र छिमेकमा समेत हुन दिनु हुँदैन भन्ने सम्बन्धमा सजगता देखाउने र त्यस्तो हुन नदिने प्रति सतर्कता अपनाएका छन्।

साहिल गैरसरकारी संस्थाले गरेको अध्ययन पश्चात् देखाएको प्रतिवेदनमा केटा-केटीहरूमाथि गरिने यौन दुर्व्यवहार सबभन्दा खतरनाक र दुःदद रहेको उल्लेख गरिएको छ। प्रतिवेदन अनुसार बहुसंख्यक घटना ६३ प्रतिशत पेजाबको रहेको छ भने त्यसपछि ३४ प्रतिशत पाक अधीनस्थ कश्मीर, २७ प्रतिशत सिन्ध र बाँकी अन्य प्रान्तहरू रहेको छ। अध्ययन प्रतिवेदन अनुसार बच्चाहरूको अपहरण अपराध-९२३, पुरूष मैथुन -५८९, बलात्कार -५३७, बच्चाहरू हराउने -४५२, बलात्कारको प्रयास गर्ने-३४५, समुहगत पुरूष मैथुन -२८२, समुहगत बलात्कार-१५६ र केटा-केटीमा विवाह ९९ रहेकोछ। २०१७ को तुलनामा २०१८ मा पुरुष मैथुनको संख्यामा ६१% र बलात्कारमा १५% वृद्धि भएको देखिएको छ। अध्ययन अनुसार ८६% घटना प्रहरीमा पंजीकत गरिएको थियो भने ५६ वटालाई प्रहरीले दर्ता गर्न अस्वीकार गरेको थियो र त्यस्तै ३९ वटा घटना प्रहरीले दर्ता नगरी त्यसै राखेको थियो।

प्रख्यात अंग्रेजी दैनिक 'डान'ले आफ्नो एक सम्पादकीय मार्फत यसरी उल्लेख गरेको थियो। कुनै संख्यासँग नरहेका अधिकांश बच्चाहरूलाई बुजुर्गहरूलाई प्रश्न नगरी तिनीहरूको आदेश पालन गरी चुप लागेर बसिरहन सिकाइएको थियो, खासगरीकन त्यो संस्कृतिका लागि शर्मनाक प्रसंग भएको कारणले गर्दा अधिकांश त्यस्ता यौन दुर्व्यवहार र हिंसाका घटनाहरूका संचालक पिडित केटा-केटीका परिवारहरूका सुपरिचित व्यक्तिः तथा सदस्यहरू नै रहने गरेका छन्।

# नेपाली भूभागमा चीनको कब्जा, सरकार मौन

काठमाडौं। नेपालले उत्तरी चार जिल्लाको उत्तरी सिमानामा ३६ हेक्टर भू-भाग गुमाएको एक अध्ययन प्रतिवेदन प्राप्त भएको छ। प्रतिवेदनमा नेपालको संखुवासभा, रसुवा, सिन्धुपाल्चोक र हुम्लाका चारवटा नाका आसपास रहेका ११ वटा नदीले बाटो फेर्दा त्यति भू-भाग गुमेको उल्लेख छ। अध्ययन नेपालको कृषि मन्त्रालयअन्तर्गत नापी शाखाले गरेको हो। अध्ययनमा पाँचजना सर्भेयर र २० जना नाप नक्सामा सहयोग गर्ने जवानहरूको संलग्नता रहेको थियो। नेपालको यो भूभाग चीनले हडपेको भन्दा पनि तिब्बती सीमा क्षेत्रमा बढ्दो सडक सञ्जालका कारण त्यहाँका नदीहरू नेपालको क्षेत्रमा पसेर नेपाली भूभाग सीमापारि पुगेर यस्तो भएको हो।



नेपालको उत्तरी सीमामा देखिएका केही अप्ठ्याराहरू शीर्षक दिएर तयार गरिएको प्रतिवेदनमा त्यहाँको भौगोलिक अवस्थाकै कारण त्यस्तो परिस्थिति सिर्जना भएको हो। चीनले नेपाल-चीन सीमानासँगै जोडिएको तिब्बतमा विकास निर्माणको क्रमलाई यही गतिमा बढाउँने हो भने नेपालले हजारौं हेक्टर जमीन गुमाउन सक्ने सम्भावना पनि प्रतिवेदनमा उल्लेख छ। नेपाल-चीन सिमानामा ४३ वटा भञ्ज्याङ नाका रहेको उल्लेख गर्दै प्रतिवेदनमा ६ वटा व्यापारिक नाका खुला गरिएको बताइएको छ। विकास निर्माणको काम पनि यिनै नाकाहरूमा बढी भएकाले नेपालले आफ्नो भूभाग पनि यिनै नाका छेउछाउमा गुमाइरहेको छ। नेपाल चीन सिमानामा नेपालतिर नदीको वहावले ठुला ठुला मैदान बनाइरहेको र ती मैदानहरू नदीले चीनतिर पारिदिदा नेपालले आल्नो भूभाग मात्र गुमाइरहेको छैन, नेपाल चीनबीच विवाद पनि बढ्ने सम्भावना देखिएको छ। यही क्रम बढ्दै जाने हो भने त्यस्ता भू-भागमा चीनले चाँडै नै दावी गरेर सुरक्षा पोष्टहरू बनाउन सक्ने देखिन्छ। ***नागरिक टाइम्स***

## चुनौती समाधान गर्न नेपाल प्रहरी सक्षम : प्रहरी महानिरीक्षक खनाल

काठमाडौं। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले शान्ति सुरक्षा, अपराध नियन्त्रणका साथै विकासका गतिविधिमा देखिएका सुरक्षा चुनौतीमा सामना गर्न नेपाल प्रहरी पूर्णतया सक्षम रहेको बताए। २०७५ सालमा नेपाल प्रहरीबाट सम्पादन भएका कार्य र हासिल उपलब्धीहरू सम्बन्धमा प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रहरी महानिरीक्षक खनालले उक्त कुरा बताएका हुन्। कार्यक्रममा प्रहरी महानिरीक्षक खनालले सुरक्षाको चुस्तता, शान्ति सुरक्षाको राम्रो अवस्था सिर्जना गर्ने, अपराध अनुसन्धान तथा समाजमा हुने अवान्छित गतिविधिहरू नियन्त्रणका साथै त्यस्ता गतिविधिहरू निर्मूल गर्नेतर्फ नेपाल प्रहरी सदैव केन्द्रित रहेको बताए। अपराध नियन्त्रणमा २०७५ सालमा उल्लेख्य काम भएको चर्चा गर्दै उहाँले शान्ति सुरक्षालाई चुस्त, दुरूस्त र सुदृढ बनाउन तथा अपराध नियन्त्रण गर्नका लागि नेपाल प्रहरीले पूर्ण व्यवसायिक रूपमा पारदर्शी ढंगले काम गरिरहेको उल्लेख गरे।

## जिल्ला समाचार

### तालिमका प्रशिक्षार्थीहरूसँग अन्तरक्रिया

धनुषा। प्रदेश २ प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक हरि बहादुर पाल र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा संचालित प्रहरी निरीक्षक आधारभूत तालिम १७९औं समूहका प्रशिक्षार्थीहरूबीच बिहीबार अन्तरक्रिया एवं छलफल कार्यक्रम सम्पन्न भएको छ। प्रशिक्षणको क्रममा देश दर्शनकालागि सगरमाथा वेश क्याम्प पुगेर फर्किएको उक्त प्रशिक्षार्थीहरूको टोलीसँग प्रहरी नायव महानिरीक्षक पालले जनकपुरमा छलफल एवं अन्तरक्रिया गरेका हुन्। अन्तरक्रिया तथा छलफलको क्रममा प्रहरी नायव महानिरीक्षक पालले देशदर्शन कार्यक्रमले प्रशिक्षार्थीहरूमा भौगोलिक अवस्था, स्थानीय सामाजिक(साँस्कृतिक तथा आर्थिक अवस्थाहरूको बारेमा ब्यबहारिक ज्ञान प्राप्त हुने बिश्वास ब्यक्त गरे। देश दर्शनका माध्यमबाट हासिल गरेको अनुभब तथा व्यावहारिक ज्ञानलाई तालिमको मार्गदर्शकको रूपमा लिनु पर्ने चर्चा गर्दै प्रहरी नायव महानिरीक्षक पालले प्रहरी सेवाप्रति अझ बढी लगाव र सकारात्मक सोचको बिकाश भई संगठनले अपेक्षा गरेको नागरिकमैत्री एंवम सक्षम प्रहरी अधिकृत बन्न सघाउने समेत बताए।

### नेविसंघद्वारा शैक्षिक सामग्री वितरण

कपिलवस्तु। नेपाल विद्यार्थी संघ कपिलवस्तुले गरिब, जेहेन्दार तथा विपन्न बर्गका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको छ। नेविसंघको ५० औं स्थापना दिवस मनाउने क्रममा बाणगंगाका २ विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेर संघले स्थापना दिवस मनाएको हो। नेविसंघ सिद्धार्थ क्याम्पसका इकाई सभापति बुद्धि बहादुर रोकाको अध्यक्षता र नेपाली कांग्रेसका जिल्ला सभापति सुरेन्द्रराज आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सूर्योदय प्रा वी चप्परगाउँ र सिसहनीयाको बर्गदवा प्राविमा अध्ध्यनरत ६० जना बालबालिकालाई करिब ८० हजार रूपैयाँ बराबरको शैक्षिक सामग्री वितरण गरिएको हो। पैसाकै अभावमा शैक्षिक सामग्री किन्न नसकेर शिक्षाजस्तो नैसर्गिक अधिकारबाट कोही पनि बालबालिका बञ्चित हुन नपरोस् भन्ने अभिप्रायले उनीहरूलाई झोला, कापी किताब, पेन्सिल, इरेजर र कटर लगायतका शैक्षिक सामग्री वितरण गरिएको क्षेत्रीय सभापति चन्द्रकान्त पोखेलले बताए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुरेन्द्रराज आचार्यले सहयोग भन्ने कुरा कुनै पार्टीसंग सम्बन्धित नरहेकाले नेविसंघले आफ्नो दायित्व पुरा गरेको बताए।

### कुष्ठरोग निवारण सम्बन्धी अन्तरक्रिया

रौतहट। गौर नगरपालिकाको आयोजनामा कुष्ठरोग निवारण सम्बन्धी एक दिवसीय संचारकर्मीहरूसँगको अन्तरक्रिया कार्यक्रम आइतबार सम्पन्न भएको छ। कुष्ठरोग अभियानअन्तर्गत कार्यक्रम आयोजना गरिएको थियो। रौतहटका सबै स्थानीय तहमा छाला सम्बन्धी रोग उन्मूलन गर्ने उद्देश्यले नेपाल सरकारको सहयोगमा कुष्ठरोग निवारण गर्ने अभियान सञ्चालन गरिएको स्वास्थ्य समायोजक कमलवर वर्माले जानकारी दिएका छन्। शरीरको विभिन्न अंगमा लाटो दाग हुने र चिलाउने भएकोले समयमा थाहा नपाउने हुँदा घर-घरमा गएर परिक्षण गर्ने कार्यक्रम निर्धारण गरिएको उनले बताए। सम्पन्न र शिक्षित परिवारमा यस्ता किसिमको दाग हुँदा पनि लाज मानेर लुकाउने गरेको उनको तर्क रहेको छ। शरीरको कुनै भाग, पिठ्यूं, औंला, गुप्तांग नजिक यस्ता दाग बढी हुने गरेकोले नचिलाउने दाग भएमा नजिकको स्वास्थ्य चौकीमा गई स्वास्थ्यकर्मीलाई देखाउन समेत आग्रह गरेका छन्। १० हजार मा १ प्रतिशत ल्याउने सरकारको मुख्य लक्ष्य रहेको छ। प्रदेश २ मा कुष्ठ रोगीको संख्या १ दशमलव ७९ प्रतिशत रहेको तथ्यांकले देखाएको संयोजक वर्माले बताए।

### राजपा धनुषाले पनि मनायो स्थापना दिवस

जनकपुरधाम। राष्ट्रिय जनता पार्टी नेपाल धनुषाले पनि आफ्नो तेस्रो वार्षिकोत्सव मनाएको छ। शनिबार जनकपुरधाममा आयोजित तेस्रो वार्षिकोत्सव कार्यक्रम धनुषा अध्यक्षमण्डलका संयोजक प्रमोद यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि प्रदेश २ का पर्यटन, उद्योग, वन तथा वातावरणमन्त्री रामनरेश राय रहेका थिए। वार्षिकोत्सव कार्यक्रममा मन्त्री रायले मधेशी जनताको भावनाअनुरूप नै मधेशका ६ वटा दल एकजुट भएर राजपा नेपाल निर्माण भएको धारणा राखेका थिए। मधेशी जनताको आशा केन्द्र राजपा नै रहेको समेत मन्त्री रायले बताए। यसैगरी, कार्यक्रममा राष्ट्रिय विद्यार्थी संघका केन्द्रीय अध्यक्ष मनिष मिश्रले राजपाले मात्र मधेशीसहित मुलुकका उत्पीडित जनताहरूको अधिकार स्थापित गराउने दाबी गरेका छन्। मन्तव्य राख्दै विद्यार्थी नेता मिश्रले मधेश आन्दोलनबाट प्राप्ति उपलब्धि सुरक्षित गर्दै थप हक अधिकार प्राप्तिका लागि एकताको विकल्प नरहेको जिकिर गरेका छन्। कार्यक्रममा राजपाका धनुषा जिल्ला अध्यक्षमण्डलका नेताहरू, प्रदेशसभा सदस्यहरू, राविसंघका केन्द्रीय उपाध्यक्ष मिथलेश यादव, केन्द्रीय महासचिव रोशन मिश्र लगायतका नेता कार्यकर्ताहरू बाक्लो उपस्थिति रहेको थियो।

### हावाहुरीपीडितलाई लत्ताकपडा वितरण

वीरगंज। गत चैत १७ गते आएको विनासकारी हावाहुरीबाट प्रभावित फेटा गाउँपालिका वडा नम्बर १, ३ र ६ को भलुही, भरवलीया, पुरैनिया लगायतका स्थानमा प्रभावित परिवारलाई अहमदिया संघ नेपालले राहत स्वरूप लत्ताकपडा वितरण गरेको छ। भलुही, भरवलीया, पुरैनिया लगायतको टोलमै पुगेर शनिवार र आईतवार गरी प्रभावित ५ सय ५५ परिवारलाई कुर्ता, सलवार, शौल वितरण गरेको छ। हावाहुरीबाट प्रभावित गाउँहरूमा वडा प्रतिनिधिहरूको विशेष उपस्थितिमा सो कपडा वितरण गरिएको हो। सो कार्यक्रममा अहमदिया संघका राष्ट्रिय अध्यक्ष कमरूल होदा, अहमदिया बृद्ध संघका अध्यक्ष हैदर अली, वडा नं. १ का महिला सदस्य सुनरपति देवी, अहमदिया संघका सदस्य सकिर अहमद, इसरायल अहमद, हिजकी अहमद, सकिर आलम, अलिम अहमद, स्थानियबासी, सुरक्षाकर्मी लगायतको सहभागी रहेको थियो। "प्रेम सबै लाई गर घृणा कसैलाई नगर" भन्ने मुल नाराका साथ अहम्दिया संघ नेपालले दैविक प्रकोपमा बिगत समय देखि नै सक्दो सहयोग गर्दै आएको छ। बिगतका दिनमा नेपालमा आएको विनासकारी भूकम्पबाट प्रभावितहरूलाई पनि घटनास्थलमै पुगेर राहत वितरण गरेको संस्थाका सचिव मोहन अहमदले बताए।

### सर्लाहीको चक्रघाटामा व्यापार मेला सुरू

सर्लाही। जिल्लाको चक्रघटा गाउँपालिकामा व्यापार मेला महोत्सवले सुरू भएको छ। सो व्यापार मेला महोत्सवको उद्घाटन प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले गरेका छन्। मन्त्री सोनलले व्यापार मेलाले आर्थिक, सामाजिक र सांस्कृति तथा राष्ट्रिय एकतालाई झल्काउने बताएका छन्। मन्त्री सोनलले शहरमा यस्तो मेला महोत्सव भइरहेको भएपनि गाउँस्तरमा यस्तो महोत्सव हुनु निकै सकारात्मक रहेको बताए। सोही मेला महोत्सवको उद्घाटन समारोहमा चक्रघटा गाउँपालिकाका अध्यक्ष विक्रम यादवले यो महोत्सवले चक्रघटा गाउँपालिकालाई आर्थिक समृद्धितर्फ अगाडि बढन मद्दत पुग्ने बताए। घोडामा चढेर मन्त्री सोनलले चक्रघटा मेलाको उद्घाटन गरेका थिए भने जिल्ला समन्वय समितिका सभापति मेथुर चौधरी पनि सँगै घोडामा चढेर उद्घाटनस्थल पुगेका थिए। यो व्यापार मेला महोत्सवको समापन बैशाख २० हुनेछ।

### नारायणी अस्पतालमा विरामीहरू मर्कामा

वीरगन्ज। नारायणी अस्पतालमा थाइराइड चेकजाँच गर्ने किलिया मेशिन बिग्रेको कारण विरामीहरू मर्कामा परेका छन्। नारायणी अस्पतालमा आएका विरामीहरूलाई थाइराइड, हार्मोन, ट्युमर मार्कर चेकजाँच गर्न चिकित्सकहरूले भनेपछि यि सबै चेकजाँच गर्ने मेशिन 'किलिया मेशिन' विग्रेर प्रयोगशालामा थन्केको कारण सेवाग्राहीहरूलाई चेकजाँचमा समस्या भइरहेको छ। चेकजाँच हुन नसकेको कारण विरामीहरू चर्को शुल्क तिरेर बाहिरबाट चेकजाँच गराउन बाध्य रहेको विरामीहरूको भनाई छ। अस्पतालमा आउने विरामीहरूको चेकजाँचको सुविधालाई मध्यनजर गरि २०७३ चैत २६ गते कर सहित ४ लाख ५२ हजारमा हेटौडा स्थित अनुज सर्जिकल सप्लायर्सबाट खरिन नियमावली ऐन प्रक्रिया पुरा गरि मेशिन खरिद गरि अस्पतालमा ल्याई संचालन गरि रहेको अवस्थामा २०७५ पुसको अन्तिम सातामा आएर मेशिन विग्रेपछि विरामीहरूको चेकजाँचमा कठिनाई भएको थियो। मेशिन विग्रेपछि अस्पतालमा आउने विरामीहरूलाई थाइराड, हार्मोन, ट्युमर मार्कर लगायतका चेकजाँचहरू हुन नसकेपछि बाध्य भएर विरामीहरू बाहिर निजी प्रयोगशाला (ल्याब) बाट चर्को शुल्क तिरी चेकजाँच गराउनुपर्ने बाध्यता थियो।

### मृत फेला

बाँके। नरैनापुर गाउँपालिका-४ खोदवा बस्ने ६० वर्षीय फेरन यादव सोही ठाउँस्थित राप्ती नदीमा सोमबार बिहानमृत अवस्थामा फेला परेका छन् । आइतबार भैसी चराउन गएका उनी घरमा फर्की नआएकालेखोजी गर्ने क्रममा शव फेला परेको हो। यसैगरी बाँके, नेपालगंज उपमहानगरपालिका-२ बागेश्वरीमन्दिरको पार्कमा हाल नाम, थर,वतन नखुलेका करिब ४६ वर्षीय पुरूषको शव सोमबार बिहान फेला परेको छ। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।


समानता, स्वतन्त्रता र भ्रातृत्व विपरित नागरिकता बारे सर्बोच्च अदालतले दिएको स्थगन आदेश र संबिधान संशोधन बारे प्रधानमन्त्रीको अभिव्यक्ति औचित्य र आवश्यक्ताले राजपा नेपाल र फोरम नेपाललाइ तुरून्त एकता गर्न उर्जा प्रदान गरेको छ। **सत्यनारायण मण्डल**


फिजीकरण र तिब्बतीकरण र खसीकरण बीचको द्वन्दको स्थायी समाधानका लागि नेपाललाई हिमाल, खसान र मधेश तीन प्रदेशको संघ बनाउँ र स्वस्थ प्रतिस्पर्धा गरौं। शंका, भय र गाली गलौजले सबैलाई मानसिक रोगी बनाउँछ। **सरिता गिरी**


चीन सवारी हुँदा राष्ट्रपतिले विमानस्थल कब्जा गरी बाहिर-भित्रका विमानलाई आकाशमै अलपत्र पारिन् भनी किन यत्रो नाटिकुटी ? रापति विद्या र प्रम ओलीले सवारी हुँदा धरती र आकाशमा कर्फ्यु लगाएर हामीलाई गृह नजरबन्दमा नथुनेकोमा यी उदारमना मानवप्रति म त भारी कृतज्ञ छु। **खगेन्द्र संग्रौला**


परिवर्तनको आन्दोलन, अधिकारको लागी आन्दोलन, थारू जनजातिको लागी आन्दोलन गर्ने जननिर्वाचित सांसद मा. रेशमलाल चौधरीलाई आजिबन कारावास हुनु र नेपाल आमालाइ बोक्सी भन्ने देश टुक्राउने भाषण दिने पुस्तक लेख्ने विभिन्न जिल्लामा संगठित अपराध देशद्रोहको मुद्दा खेपिरहेको ठगहरू सरकारसँग पैसा लिएर हामिलाइ गाली गरिरहेका छन्। **राजीव झा**


नेकपाको जिल्ला कमिटीहरू गठन भए तर संविधान अनुसार समावेशी र समानुपातिक प्रतिनिधित्व भने देखिएन, न त ३३.५ महिला आए, न आदिवासी जनजाति, मधेशी, मुस्लिम थारू नै उचित मात्रामा नेतृत्वमा आए, सिधा सिधा भन्दा संविधानको कल्पना भन्दा बाहिर रहेर जिम्मेवारी दिईएको देखियो। **प्रकाश तिमिल्सिना**


यहाँ प्राय: सबै युवाहरू कुनै न कुनै राजनीतिक दलको प्रभाव र चंगुलमा फँसिसकेका छन र जो बाँकी छन त्यसलाई पनि सम्मानको नाममा दोसल्ला ओढाई अविर, माला लगाएर आफु र आफ्नो दलको प्रभावमा पारिँदैछ। **दिपक कर्ण**


नेकपामा लागेको मधेशी, मधेशी समुदायको मुस्लिम, दलित, थारूहरूको राजनीतिमा आफ्नै पार्टीबाट मुल्यांकन हुन सकेको छैन, आफ्नो न्यायको लागि बोल्न सकेको छैन, तिनीहरूले कसरी विभेदमा परेको जनताको लागि बोल्न सक्छन्। **सन्तोषी साह**


एउटा कम्युनिष्ट पार्टी संघीयता खारेजीको माग गर्दागर्दै पार्टी नै संघीयता (टुटफुट) तर्फ लागेछ। पूर्वउपप्रधानमन्त्री चित्रबहादुर केसी संसद नभएपछि संसदीय प्रणालीमा शिला बन्न थालेको बेला बहुमतकै लागि जनगायक जीवन शर्मादेखि मै हुँ भन्ने कलाकार र नेताहरू भाटे कारबाहीमा परेपछि सबै स्तब्ध। **किशोर**

# भारतद्वारा छ्योइफेल कुन्देलिङ गुम्बाको पुनर्निर्माण

काठमाडौं। भारतीय राजदूतावास काठमाडौंले सिन्धुपाल्चोक जिल्लाको लिसंखु गाउँमा छ्योइफेल कुन्देलिङ गुम्बाको पुनर्निर्माण गरेको छ।

गुरू स्याल्पा तेन्जिङ रिम्पोछेले शुक्रबार उक्त भवनको उद्घाटन गरेका छन्। उक्त उद्घाटन समारोहमा भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. अजय कुमारले विशेष अतिथिका रूपमा सहभागिता जनाए।



गुम्बा पुनर्निर्माणका अतिरिक्त नेरू. १ करोड ८९ लाख अनुदान सहयोगमा आवास, भान्छा, सरसफाई सुविधा तथा कम्पाउण्ड पर्खाल जस्ता थप संरचनाहरूको निर्माण भएको छ।

वास्तुकला डिजाइन, नक्सा र लागत अनुमान तयार पारी एवम् गुम्बा निर्माणको सुपरिवेक्षण गरी जिल्ला समन्वय समिति चौताराले उक्त परियोजनाको कार्यान्वयन गरेको हो।

लिसंखु गाउँवासीहरूको सक्रिय पहल तथा योगदानमा सन् १९४६ मा सो छ्योइफेल कुन्देलिङ गुम्बाको निर्माण भएको थियो।

बौद्ध धर्म शिक्षा, थाङ्का चित्रकला, काष्ठकला तथा मूर्तिकला जस्ता विविध सामाजिक-साँस्कृतिक क्रियाकलापहरूमा गुम्बाको संलग्नता रहदै आएको छ।

उक्त गुम्बा एक महत्वपूर्ण सम्पदा मात्र नभएर त्यहाँ अवस्थित मानिसहरूको सामाजिक-साँस्कृतिक जीवनको अभिन्न पाटो पनि हो।

# कुम्भकार संघमा पुन: रामानन्द

वीरगन्ज। नेपाल प्रजापति (कुम्भकार) संघको केन्द्रीय महाधिवेशनबाट अध्यक्षमा पुन: रामानन्द पण्डित सर्वसम्मतबाट निर्वाचित भएका छन्। वीरगन्जमा भएको महाधिवेशनबाट सहअध्यक्षमा रामशागर पण्डित, उपाध्यक्षहरूमा राधे पण्डित, कन्हैया कोहार, गोरिशंकर पण्डित, जग्दिश पण्डित, राजलाल पण्डित र सन्तोष पण्डित, मुख्य माहासचिबमा रामजनम पण्डित, कोषाध्यक्षमा विजय पण्डित, महासचिबद्वयमा भोला पण्डित, सुरज पण्डित, सचिबहरू ई गोरी पण्डित, आच्छेलाल पण्डित र ईशवर पण्डित सर्वसम्मतबाट मनोनित भएका छन्।

यसैगरी, सदस्यहरूमा मेघनाथ पण्डित, सत्यनारायन पण्डित, रामदाश पण्डित, असेशर पण्डित, रामनाथ पण्डित, रामनारायन पण्डित, बिन्देश्वर पण्डित, शिबमंगल पण्डित, कपिलदेब पण्डित, शिवशंकर पण्डित, गुरूचारन कोहार, राममिलन प्रजापति, जय प्रकाश पण्डित, कमलेश कुमार पण्डित, कपिलदेब पण्डित,



मकसुदन पण्डित, धन्ही पण्डित, ज्योती कुम्हाल र चनरपती देबी मनोनित भएका न् बाँकी मनोनित हुन बाँकी रहेको जनाइएको छ।

**सम्मानसहित मायाको चिनो प्रदान**

नेपाल प्रजापति (कुम्भकार) संघ केन्द्रीय कार्यसमिति जनकपुरधामले सम्मानसहित मायाको चिनो प्रदान गरेको छ। संघले शनिबार मधेश मिडिया हाउसमा सम्मान तथा मायाको चिनो प्रदान कार्यक्रमको आयोजना गरी कुम्भकार समाजका अगुवाहरूसहित मधेशवाणीकर्मीलाई समेत सम्मान तथा मायाको चिनो प्रदान गरेको हो। भर्खरै वीरगन्जमा सम्पन्न संघको सातौ महाधिवेशन कार्यक्रममा उपस्थित हुन नसकेका संघका अगुवाहरूलाई काठमाडौंमा सम्मानसहित मायाको चिनो प्रदान गरेको हो।

यसैगरी, सो कार्यक्रममा संघको महाधिवेशनबाट केन्द्रीय अध्यक्षमा नवनिर्वाचित रामानन्द पण्डितलाई नेपाल प्रजापति (कुम्भकार) संघ काठमाडौं उपत्यका कमिटीको तर्फबाट अध्यक्ष प्रभु पण्डितले सम्मानसहित मायाको चिनो प्रदान गरेका थिए।

कार्यक्रममा योगेन्द्र पण्डित, दीपेन्द्र पण्डित, छत्रदेव पण्डित, प्रभु पण्डित, सन्तोष पण्डित, पानालाल पण्डित, त्रिलोकी पण्डित, नगिनालाल पण्डित, मेनेजर पण्डित र राम आशिश पण्डितसहित मधेशवाणीकर्मी रामसुकुल मण्डलाई सम्मानसहित मायाको चिनो प्रदान गरिएको छ।

## आर्थिक समाचार

### सुजुकी मेगा एक्सचेन्ज मेला सुरू

काठमाडौं। सुजुकी इण्डियाद्वारा उत्पादित विश्व प्रसिद्ध जापानिज ब्राण्डको मोटरसाइकल तथा स्कुटर नेपालका लागि आधिकारिक बिक्रेता भि.जी.अटो मोबाईल्स प्रा.लि.ले आफ्ना ग्राहकहरूको मागलाई मध्यनजर गर्दै यहि बैशाख ९ गतेदेखि १५ गतेसम्म नेपाल अधिराज्यभर यस प्रा.ली.को आधिकारिक शोरूमहरूमा सुजुकी मेगा एक्सचेन्ज मेला सुरू गरेको छ। यस योजनाअन्तर्गत कुनैपनि ब्राण्डका मोटरसाइकल वा स्कुटर एक्सचेन्ज गरि सुजुकीको नयाँ मोटरसाइकल वा स्कुटर खरिद गर्न सकिनेछ। यसअन्तर्गत गुडदै नगुड्ने मोटरसाइकल वा स्कुटरलाई न्यूनतम रू. ३०,०००/- तथा चालु अवस्थामा रहेका मोटरसाइकल वा स्कुटरलाई बजार मूल्यभन्दा थप रू. १५,०००/- प्रदान गरिने साथै नयाँ खरिदमा आकर्षक छुटको व्यवस्था रहेको कम्पनीले जनाएको छ। पछिल्लो समय यूवा पुस्ता आकर्षित भइरहेको सुजुकी मोटरसाइकल तथा स्कुटरले राम्रो माईलेज दिने तथा अत्याधिक बलियो भएको तथा सुजुकीको नयाँ मोटरसाइकल वा स्कुटरमा ५ वर्षको वारेन्टी रहेको कम्पनीले जनाएको छ।

### घरमै बसी-बसी खाता खोल्न सकिने

काठमाडौं। प्रभु बैंकले आफ्नो वेबसाइटमा रहेको 'अनलाइन एसी ओपनि' बटन बाट नै अनलाइन खाता खोल्न सकिने सुविधा ल्याएको छ। अनलाइन खाता खोल्न आवश्यक सम्पूर्ण डकुमेन्ट त्यही वेबसाइटमा अपलोड गर्न सकिने जनाइएको छ। अब आफ्नो घर, कार्यालय तथा जुनसुकै स्थानबाट अझै सरल र सहज रूपमा बैंकमा अनलइन खाता खोल्न सकिनेछ।

### बुद्धले गुवाहटीबाट नियमित उडान थाल्ने

काठमाडौं। बुद्ध एयरले अन्तर्राष्ट्रिय उडानलाई विस्तार गरेको छ। बुद्धले भारतको गुवाहटीमा साउन १८ गतेदेखि उडान गर्ने बताएको छ। बुद्ध एयरले काठमाडौं-गुवाहटी उडानका लागि उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण र भारत सरकारसँगको प्रकृया सुरू गरिसकेको बताएको छ। बुद्धको काठमाडौं-गुवाहटी साताको दुईवटा उडान हुने छ। ७२ सिटको एटिआर विमानबाट हरेक मंगलबार र शनिबार विहानको सात बजे उडान भर्ने बुद्धले जनाएको छ। बुद्धले आउँदो जेठ १३ गतेदेखि साताको तीन वटा उडान काठमाडौं-कोलकत्ता गर्ने योजना यस अघिनै सार्वजनिक गरेको छ। हाल बुद्धको सातामा २ वटा उडान काठमाडौं-वनारस गर्दै आएको छ।

### भारतीय र जापानी प्रशिक्षकबाट तालिम

काठमाडौं। पञ्चकन्या ग्रुपले सेकिसुई, जापान र स्टारलाइन इन्टरप्राइजेज भारतको सहकार्यमा विशेष किसिमको प्लम्बिङ तालिम दिएको छ। ग्रुपकाअनुसार वैशाख ४ देखि सञ्चालनग रिएको तालिम दुई दिन चलेको थियो। तालिममा एक सय ७५ जना सहभागी थिए। यसमध्ये चार जना महिला थिए। नेपालमा यस किसिमको तालिम दिने पहिलो निजी कम्पनी पञ्चकन्या ग्रूप बनेको छ। यो तालिम प्रारम्भिक प्लम्बिङ प्रकार थियो। जापानको प्रख्यात कम्पनी सेकिसुई र भारतको स्टारलाइन इन्टरप्राइजेजका दक्ष, अनुभवी तथा व्यावसायिक प्रशिक्षकले तालिम दिएका थिए।







नेपाल सरकार

भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालय

सडक विभाग

**पुल महाशाखा**

ललितपुर

**सार्वजनिक सूचना**

१. पुलहरूमा जथाभावी दिसा, पिसाब र फोहोर नफालौं। यसले पुलको आयु घटाउँछ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, गिट्टि, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ। पुलको ५०० मिटर तलबाथि माटो, बालुवा आदि नझिकौं।

३. पुलमाथि सकभर सीमित गतिमा सवारीसाधन चलाउने बानी बसालौं।

४. पुलहरू हाम्रो साझा सम्पत्ति हो। यसको संरक्षण हाम्रो दायित्व हो।

५. मानव शरीरमा रहेको रक्त स्नायु तत्तु जस्तै पुल सडकको अभिन्न अंग हो। एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगीहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुन सक्छ।

**आयोजना प्रमुख**






### नेपालका ९ मोडल भारतमा

काठमाडौं। अन्तर्राष्ट्रिय मोडलिङ प्रतियोगिता 'द फेस अफ साउथ एसिया'मा नेपालका ९ मोडलले सहभागिता जनाएका छन्। भारतको पुनामा २७ अप्रिलसम्म आयोजना हुने प्रतियोगिताका लागि नेपाली मोडलहरू भारत उडेका छन्। 'द फेस अफ साउथ एशिया' एसियाको फेसन जगतकै सबैभन्दा ठूलो र प्रतिष्ठित मानिएको प्रतियोगितामा आशिष केसी (विजेता, मोडल हन्ट नेपाल २०१८) मसिष सुवेदी, पोषण शर्मा, शासोत शाही, राघव अग्रवाल ( मोडल हन्ट सहभागी) रूविष्का श्रेष्ठ (फस्ट रनर अप, मोडल हन्ट नेपाल २०१८), निर्मला न्यौपाने, थिन्ले ल्हामे र सुष्मिता थापा (मोडेल, नेक्स्ट मोडेल नेपाल)का सहभागी छन्। प्रतियोगितामा नेपाल, भारत, श्रीलंका र अरबिया लगायत एसिया भरिका देशका उत्कृष्ट मोडलको प्रतिस्पर्धा रहने छ। कार्यक्रममा सहभागी हरेक देशका प्रतिनिधि मध्य एकलाई राष्ट्रको नाम जोडेर फेस अफ द देश घोषणा गर्ने गरिन्छ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं